# नेपाल नागरिक उड्डयन ऐन, २०७३

नेपाल नागरिक उड्डयन ऐन, २०७१ को मस्यौदालाई

परिमार्जन गर्न बनेको कार्यदलद्वारा

प्रस्तुत

## परिमार्जित मस्यौदा

# विषयसूची

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम, क्षेत्र तथा प्रारम्भ
२. परिभाषा

## परिच्छेद -२

## हवाई क्षेत्रको सार्वभौमिकता तथा उपयोग

३. हवाई क्षेत्रको सार्वभौमिकता
४. हवाई क्षेत्रको प्रयोग
५. नन्सेड्युल्ड उडानको अधिकार
६. नियमित (सेड्युल्ड) हवाई सेवा
७. प्रतिबन्धित तथा निषेधित हवाई क्षेत्र
८. हवाई क्षेत्रको अतिक्रमण र वायुयानको अनधिकृत प्रयोगमा प्रतिबन्ध

## परिच्छेद -३

## हवाई सेवा उद्योग सम्बन्धी व्यवस्था

९. इजाजत लिनु पर्ने
१०. स्वामित्व तथा पूँजी
११. विमा सम्बन्धी व्यवस्था
१२. हवाई भाडा तथा शुल्क निर्धारण
१३. हवाई यात्रुका अधिकार

## परिच्छेद -४

## वायुयान सन्चालन सम्बन्धी व्यवस्था

१४. वायुसेवा सन्चालन प्रमाणपत्र
१५. अन्य उड्डयन व्यवसाय सञ्चालन प्रमाणपत्र वा अनुमतिपत्र
१६. वायुयानको दर्ता तथा राष्ट्रियता
१७. वायुयानको उडान योग्यता (एयरवर्दिनेस)

१८. कागजात साथमा राख्नुपर्ने
१९. प्रमुख वायुयान चालकको अधिकार र दायित्व
२०. खतराजनक तबरले वायुयान उडाउन नहुने
२१. अनुमति बेगर चालक रहित वायुयान उडाउन नहुने

**परिच्छेद -५**

**नागरिक उड्डयन प्राधिकरण सम्बन्धी व्यवस्था**

२२. नेपाल नागरिक उड्डयन प्राधिकरणको स्थापना
२३. प्राधिकरणको काम, कर्तव्य तथा अधिकार
२४. प्राधिकरणले आदेश तथा निर्देशन दिन सक्ने
२५. सञ्चालक समिति
२६. सञ्चालक समितिको बैठक
२७. अध्यक्षको काम, कर्तव्य,अधिकार र सुविधा
२८. महानिर्देशकको नियुक्ति
२९. महानिर्देशकको काम, कर्तव्य तथा अधिकार
३०. निरिक्षण तथा जाँचबुझ गर्न सक्ने महानिरिक्षकको विशेष अधिकार
३१. प्राधिकरणका कर्मचारी
३२. प्राधिकरणको आर्थिक व्यवस्था
३३. प्राधिकरणको कोष
३४. लेखा र लेखा परिक्षण
३५. वार्षिक प्रतिवेदन पेश गर्ने
३६. नेपाल सरकारसँग सम्पर्क

**परिच्छेद -६**

**सेवा प्रदायक संस्था स्थापना सम्बन्धी व्यवस्था**

३७. सेवा प्रदायक संस्थाको स्थापना
३८. संयुक्त लगानी
३९. व्यापारिक सिद्धान्त अनुसरण गर्ने
४०. सम्पत्ति तथा दायित्व हस्तान्तरण
४१. कर्मचारीहरुको व्यवस्थापन
४२. पेन्सन तथा उपदान

४३.	सेवा सुविधामा रोक लगाउन सकिने

**परिच्छेद -७**

**वायुयान दुर्घटना छानविन सम्बन्धी व्यवस्था**

४४.	दुर्घटना तथा गम्भिर घटनाको छानविन
४५.	घटनाको छानविन

**परिच्छेद -८**

**हवाई सुरक्षा सम्बन्धी व्यवस्था**

४६.	निषेधित क्षेत्र तोक्न सक्ने
४७.	खानतलासी गर्नुपर्ने
४८.	हवाई सुरक्षा सम्बन्धी जिम्मेवार अधिकारी तोक्ने
४९.	हवाई सुरक्षा व्यवस्था
५०.	वायुयान बुझाउनु पर्ने
५१.	आपतकालिन अवस्थामा सुरक्षा व्यवस्था
५२.	सुरक्षा सम्बन्धी आदेश

**परिच्छेद -९**

**विमानस्थल संचालन सम्बन्धी व्यवस्था**

५३.	विमानस्थल क्षेत्र तोक्ने
५४.	विमानस्थलको प्रयोग
५५.	विमानस्थल दर्ता तथा प्रमाणपत्र
५६.	विमानस्थलमा कार्यरत रहने संघसंस्थाको कर्तव्य
५७.	विमानस्थल संचालकले समन्वय गर्ने
५८.	विमानस्थल संचालकले निर्देशन दिन सक्ने
५९.	वातावरण संरक्षण
६०.	चराचुरुङ्गी तथा बन्यजन्तु नियन्त्रण
६१.	अरुको घरजग्गामा प्रवेश गर्न सक्ने
६२.	विमानस्थल क्षेत्र वरपरका अवरोधहरु

## परिच्छेद -१०

## एयर नेभिगेसन सेवा सम्बन्धी व्यवस्था

६३. एयर नेभिगेसन सेवा प्रदान गर्ने
६४. हवाई मार्ग तथा हवाई क्षेत्रको संरचना
६५. संचार, उड्डयन सहाय तथा निगरानी उपकरण
६६. उड्डयन मौसमी सेवा प्रदान गर्ने
६७. एयर नेभिगेसन सेवा शुल्क

## परिच्छेद - ११

## नेपाल सरकारको विशेष अधिकार

६८. आदेश जारी गर्ने अधिकार
६९. वायुयान नियन्त्रणमा लिने अधिकार
७०. सार्वजनिक स्वास्थ्यको रक्षाको लागि संकटकालिन अधिकार
७१. काममा रोक लगाउने वा गरेको काम बदर गर्न सक्ने
७२. छूट दिन सक्ने
७३. विघटन गर्न सक्ने

## परिच्छेद -१२

## कसूर तथा सजाय

७४. अनधिकृत प्रवेश सम्बन्धी कसूर
७५. हवाई क्षेत्रको अतिक्रमण सम्बन्धी कसूर
७६. वायुयानको गैरकानूनी कब्जा र अपहरण सम्बन्धी कसूर
७७. हवाई उडानको सुरक्षा विरुद्धको कसूर
७८. वायुयानको सुरक्षा विरुद्धको कसूर
७९. विमानस्थल सुरक्षा विरुद्धको कसुर
८०. हवाई यातायातसँग सम्बन्धित व्यक्तिको सुरक्षा विरुद्धको कसूर ७८.
८१. उडान सुरक्षामा अवरोध पुऱ्याएको कसूर
८२. खतराजनक तरिकाले वायुयान उडाएको कसूर
८३. असुरक्षित तवरले सेवा पुऱ्याए बापतको कसूर
८४. अनधिकृत रुपमा चालकरहित वायुयान वा उड्डयन उपकरण उडाएको कसूर
८५. वायुयानमा यात्रुबाट हुने अवांछित व्यवहारजन्य कसुर
८६. किर्ते कागजात सम्बन्धी कसूर

८७. अन्य कसूर वापत सजाय
८८. कसुरको गाम्भिर्यता (मात्रा)
८९. अतिरिक्त सजाय
९०. क्षेत्राधिकार
९१. पक्राउ गर्ने अधिकार
९२. कसूरदारलाई सुपुर्दगी गर्ने
९३. अदालत तथा अदालती कार्यवाही
९४. प्राधिकरणले जरीवाना गर्न सक्ने
९५. विमानस्थल संचालकले जरीवाना गर्न सक्ने
९६. पुनरावेदन गर्न सकिने
९७. असल नियतले गरेको कामको बचाउ

## परिच्छेद -१३
## विविध

९८. अत्यावश्यक सेवा
९९. जग्गा प्राप्ति
१००. असल नियतले गरेको कामको बचाउ
१०१. सरकारी बाँकी सरह असुल उपर गर्न सकिने
१०२. अधिकार प्रत्यायोजन
१०३. नियमावली बनाउने अधिकार
१०४. खारेजी तथा बचाउ

# नेपाल नागरिक उड्डयन ऐन, २०७३

## नागरिक उड्डयनको नियमन तथा नियन्त्रण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :** नेपाल राज्यभित्र नागरिक उड्डयनलाई सुरक्षित, नियमित र व्यवस्थित बनाउँदै हवाई यातायातको समुचित विकास द्वारा मुलुकको अधिकतम हीत हुने वातावरण सिर्जना गर्दै नागरिक उडडयन सम्बन्धि अन्तर्राष्ट्रिय दायित्व पुरा गर्न र नागरिक उड्डयनसँग सम्बन्धित मौजुदा कानूनहरुलाई एकिकरण गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका संसदले यो ऐन बनाएको छ ।

### परिच्छेद - १

### प्रारम्भिक

१. **संक्षिप्त नाम, क्षेत्र तथा प्रारम्भः** (१) यस ऐनको नाम "नागरिक उड्डयन ऐन, २०७३" रहेको छ ।

(२) यो ऐन नेपाल राज्यभर र अन्यत्र जहाँ रहेबसेको भए तापनि देहायका वायुयान, संस्था तथा व्यक्तिहरु उपर लागू हुनेछ :-

(क) नेपाली नागरिक,

(ख) नेपालमा दर्ता भएको वायुयान र त्यसमा सवार व्यक्ति,

(ग) अन्य राष्ट्रमा दर्ता भएको वायुयान नेपालको भूभाग वा हवाई क्षेत्रमा रहेको समयमा वा त्यस्तो वायुयान दर्ता गर्ने राष्ट्रले सो वायुयान सम्बन्धी काम कर्तव्य नेपाललाई प्रत्यायोजन गरेको अवस्थामा,

(घ) नेपालबाट प्रमाणपत्र प्राप्त गरेको वायुसेवा संचालन संस्था तथा अन्य उड्डयन सेवा संचालन संस्था,

(ङ) जहाँ रहेबसेको भएपनि यस ऐनबमोजिम जारी भएको वा मान्यता प्रदान गरिएको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति ।

(३) यो ऐन सैनिक वायुयानको हकमा लागू हुनेछैन ।

(४) यो ऐन नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अध्यक्ष" भन्नाले प्राधिकरणको संचालक समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) “आईकाओ” भन्नाले नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि बमोजिम स्थापना भएको अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन (इन्टरनेशनल सिभिल एभिएसन अर्गनाइजेसन) सम्झनु पर्छ ।

(ग) “सदस्य राष्ट्र” भन्नाले आइकाओ का सदस्य राष्ट्र सम्झनु पर्छ ।

(घ) “उडान योग्यताको प्रमाणपत्र (सर्टिफिकेट अफ एयरवर्दिनेस)” भन्नाले कुनै उड्डयन उपकरण उडान गर्ने योग्यताका लागि तोकिएका आवश्यकता अनुसार नै छ भनी प्रमाणित गर्ने प्रमाणपत्र सम्झनु पर्छ ।

(ङ) “उडानमा रहेको वायुयान” भन्नाले वायुयानमा प्रवेश पश्चात् सबै ढोकाहरु बन्द गरेपछि त्यस्ता ढोकाहरु खोली बाहिर आउने समयसम्मको अवस्थाको वायुयानलाई सम्झनु पर्छ ।

(च) “उडान सुरक्षा” भन्नाले कुनै पनि व्यक्तिलाई पुग्ने चोटपटक या वायुयान तथा धनमालको क्षतिको अग्राह्य खतराबाट मुक्त रहने अवस्थालाई सम्झनु पर्छ ।

(छ) “सेवामा रहेको वायुयान” भन्नाले अनधिकृत प्रवेशलाई रोक्नका लागि निगरानीमा राखिएको विसानमा रहेको वायुयानलाई सम्झनु पर्छ ।

(ज) “एयर नेभिगेशन सेवा” भन्नाले हवाई उडान संचालनका सबै चरणमा उपलब्ध गराइने हवाई ट्राफिक व्यवस्थापन, हवाई संचार पथप्रदर्शन तथा निगरानी, उड्डयन मौसमी सेवा, खोज तथा उद्धार सेवा र हवाई सूचना सेवा समेतलाई सम्झनु पर्छ ।

(झ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐनअन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ ।

(ञ) “नागरिक उड्डयन सम्बन्धी संस्था” नागरिक उड्डयनसँग सम्बन्धित कियाकलापमा संलग्न हुने सरकारी तथा गैर सरकारी संस्था समेतलाई सम्झनु पर्छ ।

(ट) “प्राधिकरण” भन्नाले दफा २० बमोजिम स्थापित नेपाल नागरिक उड्डयन प्राधिकरण सम्झनु पर्छ ।

(ठ) “मन्त्रालय” भन्नाले संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सम्झनु पर्छ ।

(ड) “महानिर्देशक” भन्नाले दफा २६ बमोजिम नियुक्त भएको प्राधिकरणको महानिर्देशक सम्झनु पर्छ ।

(ढ) “वायुयान” भन्नाले हावाको प्रक्रियाद्वारा वायुमण्डलमा आधारित हुनसक्ने जुनसुकै यन्त्र, यान वा उपकरण सम्झनु पर्छ र सो शब्दले जमिनसित गाँसिएको वा नगाँसिएको बेलुन, हवाईजहाज, ग्लाइडर र अन्य यस्तै प्रकृतिका उड्ने यन्त्र समेतलाई जनाउँछ ।

(ण) “वायुसेवा” भन्नाले यात्रु, डाँक वा मालसामान ओसारपसार गर्ने जिम्मा लिई हवाई यातायात संचालन गर्ने उद्देश्यले स्थापित कुनै कम्पनी, फर्म वा व्यक्ति समेतलाई सम्झनु पर्छ ।

(त) “वायुसेवा सञ्चालन प्रमाणपत्र” भन्नाले वायुसेवा सञ्चालकलाई निर्दिष्ट व्यावसायिक हवाई यातायात सञ्चालन गर्नको लागि प्राधिकरणबाट जारी गरिएको आधिकारिक प्रमाणपत्र सम्झनु पर्छ ।

(थ) “विमानस्थल” भन्नाले वायुयानको आगमन, उडान तथा सतहमा गुड्न धावनको लागि पूर्ण वा आंशिकरुपमा प्रयोग गर्ने प्रयोजनको लागि भूसतह वा जलक्षेत्र (कुनै भवन, संरचना वा उपकरण भए सो समेत) को निर्दिष्ट क्षेत्र सम्झनु पर्दछ । सो शब्दले हेलिकप्टर राख्ने ठाउँ (हेलिपोर्ट) समेतलाई जनाउँछ ।

(द) “समिति” भन्नाले दफा २२ बमोजिम गठित प्राधिकरणको सञ्चालक समिति सम्झनु पर्छ ।

(ध) “सेवा प्रदायक संस्था” भन्नाले नागरिक उड्डयनसँग सम्बन्धित सेवा वा सुविधा प्रदान गर्न स्थापना भएका प्राधिकरणको नियमनको दायराभित्र पर्ने संस्थालाई सम्झनु पर्छ ।

(न) “हवाई सुरक्षा” भन्नाले गैह्र कानुनी हस्तक्षेप जन्य कार्य हुन नदिन नागरिक उड्डयनको सुरक्षा गर्ने उद्देश्यले गरिएका उपायहरु र मानव तथा भौतिक संशाधनहरुको सम्मिश्रण सम्झनु पर्छ ।

## परिच्छेद -२

## हवाई क्षेत्रमाथिको सार्वभौमिकता तथा उपयोग

३. **हवाई क्षेत्रको सार्वभौमिकताः** नेपालको हवाई क्षेत्र उपर नेपाल राज्यको पूर्ण तथा अविच्छिन्न सार्वभौम अधिकार रहनेछ ।

४. **हवाई क्षेत्रको प्रयोगः** नेपालको हवाई क्षेत्रको प्रयोग गर्दा पूर्णरुपमा यो ऐन तथा यस ऐन अर्न्तगत बनेका नियमावलीमा व्यवस्था भए बमोजिम गर्नु पर्नेछ ।

५. **नन्सेड्युल्ड (अनियमित) उडानको अधिकारः** सदस्य राष्ट्रका नन्सेड्युल्ड (अनियमित) उडान लाई पूर्व अनुमति लिई नेपालको हवाई क्षेत्र भई उड्ने, नेपालको कुनै विमानस्थलमा गैर-व्यापारिक प्रयोजनका लागि अवतरण गर्ने सुविधा उपलब्ध गराइनेछ ।

६. **सेड्युल्ड (नियमित) उडानः** (१) कुनै विदेशी वायुसेवा कम्पनीले नेपालमा नियमित (सेड्युल्ड) उडान संचालन गर्नका लागि उक्त वायुसेवा कम्पनी दर्ता भएको मुलुकले नेपालसँग हवाई सेवा सम्झौता वा समझदारी गरेको हुनुपर्नेछ ।

(२) अन्तर्राष्ट्रिय वायुसेवाले नेपालमा गर्ने नियमित उडान सम्बन्धी अन्य व्यवस्था हवाई सेवा सम्झौता वा समझदारीमा उल्लेख भए बमोजिम हुनेछ ।

७. **प्रतिबन्धित तथा निषेधित हवाई क्षेत्रः** (१) नेपाल सरकारले मुलुकको कुनै निश्चित हवाई क्षेत्रलाई प्रतिबन्धित हवाई क्षेत्र तोकी उक्त क्षेत्रमा वायुयान उडानका लागि पूर्ण रुपमा प्रतिबन्ध लगाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रतिबन्धित हवाई क्षेत्र तोक्दा नेपाल राजपत्रमा सूचना प्रकासन गरिनेछ ।

(३) नेपाल सरकारले विशेष अवस्थामा मुलुकको कुनै निश्चित हवाई क्षेत्रलाई निषेधित हवाई क्षेत्र तोकी त्यहाँ

तोकिए बमोजिम वायुयान उडान गर्न सक्ने गरी व्यवस्था गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिमको निषेधित हवाई क्षेत्रको सम्बन्धमा आवश्यकतानुसार हवाई सूचना प्रकासन (एरोनटिकल इन्फर्मेसन पब्लिकेसन) को माध्यमबाट सम्बन्धित पक्षलाई सूचित गर्नु पर्नेछ ।

८. **हवाई क्षेत्रको अतिक्रमण र वायुयानको अनधिकृत प्रयोगः** (१) कसैले पनि अनुमति प्राप्त नगरी नेपालको हवाई क्षेत्रमा वायुयान प्रवेश गराउने वा निषेधित क्षेत्रमा वायुयान उडाउने वा यस ऐनको उद्देश्य विपरीत हुने गरी नेपालको हवाई क्षेत्रमा वायुयानको प्रयोग गर्नु हुँदैन ।

(२) उपदफा (१) को व्यवस्था विपरित वायुयान उडान गरेको पाइएमा त्यस्तो वायुयानलाई तत्कालै नेपालको हवाई क्षेत्र वा निषेधित क्षेत्र छोड्न लगाउने वा नेपालको कुनै विमानस्थलमा अवतरण गर्न लगाउन सकिने वा त्यस्तो उल्लङ्घन अन्त्य गर्न अन्य उपयुक्त आदेश वा निर्देशन दिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको आदेश वा निर्देशनको कार्यान्वयनको लागि हस्तक्षेप (इन्टरसेप्सन) गर्नुपर्दा उडानमा रहेको वायुयानका विरुद्ध हातहतियारको प्रयोग गरिनेछैन र वायुयानमा रहेका यात्रुको जीवन तथा वायुयानको सुरक्षालाई जोखिममा पुऱ्याइनेछैन ।

(४) उपदफा (२) बमोजिम वायुयानबाट हुने हवाई क्षेत्रको उल्लङ्घन रोक्नका लागि हस्तक्षेप गर्न आवश्यक भएमा तत्सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) नेपालमा दर्ता भएको वा नेपालमा मूख्य व्यापारिक कारोवार भएको वा नेपालमा स्थायी बसोबास भएको वायुयान धनीले सञ्चालन गरेको वायुयानले कुनै विदेशी राष्ट्रको हवाई क्षेत्रमा उडान गर्दा त्यस राष्ट्रको सम्बन्धित निकायले जारी गरेको हस्तक्षेपको आदेश (इन्टरसेप्सन अर्डर) लाई पालना गर्नु पर्नेछ ।

## परिच्छेद ३
## हवाई सेवा उद्योग सम्बन्धी व्यवस्था

९. **इजाजत सम्बन्धी व्यवस्था:** (१) नेपालमा दर्ता भई वा मूख्य कारोवार गर्ने गरी हवाई सेवा संचालन गर्न वा उड्डयनसँग सम्बन्धित सेवा प्रदायक संस्था स्थापना र संचालनका लागि मन्त्रालयले उपयुक्त संस्थालाई इजाजत प्रदान गर्नेछ।

(२) उपदफा (१) बमोजिमको इजाजत प्रदान गर्दा आर्थिक पक्ष, व्यवस्थापकीय क्षमता तथा सार्वजनिक हीतका दृष्टिले समेत उपयुक्त रहे नरहेको मूल्यांकन गर्नु पर्नेछ।

(३) इजाजत सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१०. **स्वामित्व तथा पूँजी:** (१) नेपाल सरकारले ऐनको दफा ९ बमोजिम स्थापना हुने संस्थाको लागि आवश्यक पर्ने पूँजीको सिमा तथा स्वामित्वको स्वरुप निर्धारण गर्नेछ।

(२) ऐनको दफा ९ बमोजिम स्थापना हुने संस्थाले विदेशी लगानी वा विदेशी शेयर स्वामित्व सम्बन्धी विवरण सार्बजनिक गर्नु पर्नेछ।

(३) नेपाल सरकारले ऐनको दफा ९ बमोजिम स्थापना हुने संस्थाको सम्बन्धमा विदेशीले प्रयोग गर्ने नियन्त्रणको अधिकारमा सीमा तोक्न सक्नेछ।

११. **वीमा सम्बन्धी व्यवस्था:** (१) नेपालमा स्थापना भई सञ्चालन हुने वायुसेवा कम्पनीले नेपाल सरकारले तोके बमोजिम यात्रु र तेश्रो पक्षीय दायित्व समेतको वीमा गरेको हुनु पर्नेछ।

(२) विदेशी वायुसेवा सञ्चालकले कम्तीमा पनि नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि अनुसार वायुसेवा सञ्चालनका लागि आवश्यक भनी तोकिएका विमा सम्बन्धी दायित्व पूरा गर्नुपर्नेछ।

१२. **हवाई भाडा तथा अन्य शुल्क निर्धारण:** (१) हवाई भाडा तथा नागरिक उड्डयनसँग सम्बन्धित सेवा प्रदायक संस्थाले असुल गर्ने शुल्क, महशुल, रोयल्टी तथा यस्तै प्रकृतिको अन्य शुल्क निर्धारण गर्ने अधिकार मन्त्रालयको हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि दुई पक्षीय हवाई सम्झौता बमोजिम हुने हवाई उडानको हकमा हवाई भाडा तथा अन्य शुल्क सोही सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ।

१३. **हवाई यात्रुको अधिकार:** (१) वायुसेवा कम्पनीले हवाई यात्रुको जानकारीका लागि यात्राका शर्त, सुविधा तथा हवाई भाडा दरहरु पारदर्शी ढंगले सार्वजनिक गर्नुपर्नेछ।

(२) हवाई यात्रुले उडान रद्द, ढिला वा वायुसेवाका कारण उडान गर्नबाट बञ्चित भएमा तोकिएबमोजिम आफ्ना अधिकारको प्रयोग गर्न सक्नेछन्।

(३) हवाई यात्रुको अधिकार सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -४

## वायुयान संचालन सम्बन्धी व्यवस्था

१४. **वायुसेवा सञ्चालन प्रमाणपत्र :** प्राधिकरणबाट वायुसेवा संचालन प्रमाणपत्र (एयर अपरेटर सर्टिफिकेट) प्राप्त नगरी कसैले पनि नेपालमा व्यावसायिक रुपमा वायुयान संचालन गर्नु हुँदैन ।

१५. **उड्डयन व्यवसाय सञ्चालन सम्बन्धी प्रमाणपत्र :** प्राधिकरणबाट सञ्चालन प्रमाणपत्र प्राप्त नगरी कसैले पनि वायुयान निर्माण तथा मर्मत सम्भार गर्ने, वायुयान वा सो को पार्टपुर्जा विकी वितरण गर्ने, उड्डयन सम्बन्धी तालिम प्रदान गर्ने वा अन्य कुनै किसिमको उड्डयन सम्बन्धी व्यवसाय सञ्चालन गर्न हुँदैन ।

१६. **वायुयानको दर्ता तथा राष्ट्रियता:** (१) नेपालमा वा कुनै सदस्य राष्ट्रमा दर्ता नभएको वायुयान नेपाल राज्यभित्र सञ्चालन गर्न हुँदैन ।

(२) वायुयान जुन राष्ट्रमा दर्ता भएको छ त्यसको राष्ट्रियता सोही राष्ट्रको हुनेछ ।

(३) अन्य मुलुकमा दर्ता भइरहेको वायुयानलाई नेपालमा दर्ता गरिनेछैन तर अन्य मुलुकबाट दर्ता खारेजी भएको वायुयानलाई नेपालमा दर्ता गर्न सकिनेछ ।

(४) नेपालमा संचालन हुने वायुयानमा राष्ट्रिय चिन्ह र दर्ता नम्बर तोकिए बमोजिम स्पष्ट देखिने गरी अंकित गरेको हुनुपर्नेछ ।

१७. **वायुयानको उडान योग्यता (एअरवर्दिनेश):** (१)उडान योग्यताको प्रमाणपत्र वा उडान अनुमति प्राप्त नगरेको वायुयान नेपालभित्र संचालन गर्न हुँदैन ।

(२) नेपालमा दर्ता गरिएको वायुयानको उडान योग्यताको प्रमाणपत्र नेपालले जारी गर्नेछ ।

१८. **कागजात साथमा राख्नुपर्ने:** नेपालमा दर्ता भएका वा नेपाली वायुसेवा कम्पनीले भाडा (लिज) मा संचालन गरेका वायुयानले देहायका कागजात नराखी उडान गर्नु हुँदैन :-

(क) वायुयान दर्ता प्रमाणपत्र,

(ख) वायुयानको उडान योग्यता प्रमाणपत्र,

(ग) उडानमा रहने चालक दलका प्रत्येक सदस्यको व्यक्तिगत इजाजतपत्र,

(घ) वायुयानको यात्रा अभिलेख पुस्तिका,

(ङ) वायुयानमा रेडियो उपकरण जडित भएमा रेडियो स्टेशन इजाजतपत्र,

(च) यात्रुवाहक वायुयान भएमा त्यसमा यात्रा गर्ने प्रत्येक यात्रुको नाम, राष्ट्रियता तथा प्रस्थान तथा गन्तव्य स्थल खुल्ने कागजात,

(ङ) कार्गो वाहक वायुयान भएमा कार्गो सम्बन्धी विस्तृत विवरण खुल्ने कागजात ।

१९. **वायुयानका प्रमुख चालकको अधिकार र दायित्वः** (१) वायुयानका प्रमुख चालकले गर्न लागेको उडान सबै दृष्टिले सुरक्षित रहेको छ भन्ने कुरामा सन्तुष्ट भएर मात्र उडान गर्नुपर्नेछ ।

(२) उडानको समयमा प्रमुख चालकको आदेश वायुयानमा सवार सबै व्यक्तिले पालन गर्नुपर्नेछ ।

(३) प्रमुख चालकलाई उडानमा रहेको वायुयानमा उडान सुरक्षाका दृष्टिले आवश्यक कदम चाल्ने अधिकार हुनेछ ।

२०. **खतराजनक तबरले वायुयान उडाउन नहुनेः** कुनै वायुयान वा त्यसमा सवार व्यक्तिहरु वा अन्य वायुयान वा जमिनका रहेका व्यक्तिहरु वा भौतिक संरचना वा कसैको धनमालको सुरक्षालाई जोखिममा पार्ने वा पार्न सक्ने गरी कसैले वायुयान उडाउन हुँदैन ।

२१. **अनुमति बेगर चालक रहित वायुयानको संचालन गर्न नहुने :** कसैले पनि तोकिए बमोजिम अनुमति नलिई नेपालको हवाई क्षेत्रमा चालकरहित वायुयान उडान गर्नु गराउनु हुँदैन ।

## परिच्छेद -५

## नागरिक उड्डयन प्राधिकरण सम्बन्धी व्यवस्था

२२. **नेपाल नागरिक उड्डयन प्राधिकरणः** (१) उड्डयन सुरक्षा, हवाई सुरक्षा नियमन तथा नागरिक उड्डयन सम्वन्धी सेवा प्रदायक संस्थाहरुको नियमनकारी निकायको रुपमा काम गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण नामको एक प्राधिकरण रहनेछ ।

(२) प्राधिकरणलाई अंग्रेजी भाषामा “सिभिल एभिएशन अथोरिटी अफ नेपाल” र छोटकरीमा “सि.ए.ए.नेपाल” भनिनेछ ।

(३) प्राधिकरण एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ ।

(४) प्राधिकरणको काम कारवाहीको निमित्त यसको आफ्नो छुट्टै छाप हुनेछ ।

(५) प्राधिकरणले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच विखन गर्न वा अन्य किसिमले बन्दोबस्त गर्न सक्नेछ ।

(६) प्राधिकरणले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

(७) प्राधिकरणको प्रधान कार्यालय काठमाडौंमा रहनेछ ।

२३. **प्राधिकरणको काम, कर्तव्य तथा अधिकारः** १) यस ऐनमा अन्यत्र उल्लेख भएका काम, कर्तव्य तथा अधिकारहरुका अतिरिक्त प्राधिकरणको काम कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछन्:-

(क) हवाई सेवा सञ्चालनको लागि तोकिए बमोजिम वायुसेवा सञ्चालन प्रमाणपत्र जारी गर्ने, नवीकरण गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने,

(ख) तोकिए बमोजिम वायुयान दर्ता गर्ने, राष्ट्रिय चिन्ह तथा दर्ता चिन्ह प्रदान गर्ने, दर्ता नवीकरण गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने,

(ग) तोकिए बमोजिम वायुयानलाई टाइप प्रमाणपत्र वा टाइप प्रमाणपत्रको मान्यतापत्र जारी गर्ने, नवीकरण गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने,

(घ) तोकिए बमोजिम वायुयानलाई उडान योग्यताको प्रमाणपत्र वा वायुयान उडान अनुमतिपत्र जारी गर्ने, नवीकरण गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने,

( ङ) मनोरञ्जनात्मक उड्डयन कियाकलापहरु जस्तै अल्ट्रालाइट, माइक्रोलाइट, बेलुन, प्याराग्लाइडिङ्ग, ह्याङ्गग्लाइडिङ्ग आदि सञ्चालनका लागि तोकिएबमोजिम सञ्चालन प्रमाणपत्र जारी गर्ने, नवीकरण गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने,

(च) एयर नेभिगेशन सेवा प्रदान गर्ने सम्बन्धमा तोकिए बमोजिम सेवा सञ्चालन प्रमाणपत्र जारी गर्ने, नवीकरण गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने,

(छ) नागरिक उड्डयन सम्वन्धी तालिम प्रदायक संस्थालाई तोकिए बमोजिम सञ्चालन प्रमाणपत्र प्रदान गर्ने, नवीकरण गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने,

(ज) वायुयान निर्माण गर्ने, वायुयानको मर्मत तथा संभार गर्ने, वायुयानको पाटपूर्जा बनाउने, वायुयानको निरीक्षण (इन्सपेक्सन) गर्ने, वायुयानको विस्तृत मर्मत (ओभरहल) लगायतका कार्य गर्ने संस्थाहरुलाई तोकिएबमोजिम प्रमाणपत्र जारी गर्ने, नवीकरण गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने,

(झ) वायुयान तथा त्यसका उपकरण वा पार्टपुर्जा आयात गर्ने, संचय गर्ने, विक्री वितरण गर्ने संस्थाहरुलाई तोकिए बमोजिम प्रमाणपत्र जारी गर्ने, नवीकरण गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने,

(ञ) विमानस्थल डिजाईन तथा निर्माणका लागि शर्तहरु तोक्ने र विमानस्थल सञ्चालनका लागि तोकिए बमोजिम प्रमाणपत्र जारी गर्ने वा दर्ता गर्ने, त्यस्ता प्रमाणपत्र वा दर्ता नवीकरण गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने,

(ट) नेपालमा व्यावसायिक उडान गर्न चाहने विदेशी वायुसेवा कम्पनीलाई तोकिए बमोजिम विदेशी वायुसेवा संचालन प्रमाणपत्र जारी गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने,

(ठ) अन्तराष्ट्रिय मापदण्ड बमोजिम नागरिक उड्डयन क्षेत्रमा विशेष योग्यता र अनुभव आवश्यक पर्ने जनशक्तिलाई तोकिए बमोजिम इजाजतपत्र, प्रमाणपत्र वा अनुमतिपत्र जारी गर्ने, नवीकरण गर्ने, निलम्बन गर्ने वा रद्द गर्ने,

(ड) अन्य मुलुकहरुबाट जारी गरिएका इजाजतपत्र तथा प्रमाणपत्रलाई तोकिए बमोजिम मान्यता प्रदान गर्ने, नवीकरण गर्ने, त्यस्तो मान्यतालाई निलम्बन गर्ने वा रद्द गर्ने,

(ढ) यो ऐन अर्न्तगत जारी गरिएका प्रमाणपत्र, इजाजतपत्र तथा अन्य अधिकारपत्रहरुको अभिलेख नागरिक उड्डयन दर्ता किताबमा राख्ने,

(ण) एयर ट्राफिक सेवा, उड्डयन सूचना सेवा, वायुयान खोज तथा उद्धार सेवा एवं उड्डयन मौसम सेवाको स्तर तथा मापदण्ड निर्धारण गर्ने र सुपरिवेक्षण गर्ने,

(त) उड्डयन संचार, पथप्रदर्शन, निगरानी लगायत हवाई यातायात तथा विमानस्थल संचालनसँग सम्बन्धित सेवा सुविधामा प्रयोग हुने यन्त्र उपकरणहरुलाई आवश्यकतानुसार प्रमाणिकरण गर्ने,

(थ) वायुयानको नेपालमा आगमन तथा प्रस्थान गर्ने स्थान, हवाई मार्ग, उडान अवतरण विधीहरु निर्धारण गर्ने,

(द) नियमित (सेड्युल्ड), ननसेड्युल्ड, चार्टर, कार्गो, उद्धार, कुटनीतिक लगायत सबै किसिमका उडानलाई तोकिए बमोजिम उडान अनुमति प्रदान गर्ने,

(ध) मानव रहित वायुयान, बेलुन, ह्याङ्गग्लाइड, प्याराग्लाइड, प्यारासुट, चङ्गा लगायतका यन्त्ररहीत उड्ने वस्तुहरुका लागि उडानका शर्तहरु निर्धारण गर्ने र नियन्त्रण गर्ने,

(न) नागरिक उड्डयनमा प्रयोग गरिने मापन इकाई तोक्ने र नेपालको भूभाग तथा हवाई क्षेत्रमा वायुयान सञ्चालनको लागि प्रयोग हुने सिग्नल (चिन्ह) तथा उपकरणहरु तोक्ने, सोको सुपरिवेक्षण गर्ने,

(प) विमानस्थलमा प्रदान गर्नुपर्ने सेवा, सुविधाको स्तर निर्धारण गर्ने र सुपरिवेक्षण गर्ने,

(फ) विमानस्थल अग्नि निवारण तथा जीवनोद्धार सेवाको स्तर निर्धारण गर्ने र सुपरिवेक्षण गर्ने ।

(ब) नेपालमा दर्ता भएका वायुयान र नेपालको भूभाग तथा हवाई क्षेत्रमा सञ्चालन हुने वायुयानबाट हुने ध्वनि तथा उत्सर्जन सम्बन्धमा सर्तहरु तोक्ने,

(भ) वायुयानबाट हुने खतराजन्य बस्तुहरुको ओसारपसार गर्ने सम्बन्धमा सर्तहरु तोक्ने,

(म) हवाई सुरक्षा प्रदान गर्ने संस्था, विमानस्थल संचालक, वायुसेवा संचालक तथा अन्य सेवा प्रदायकको सुरक्षा सुपरिवेक्षण (सेक्युरिटी ओभरसाइट) गर्ने वा गराउने,

(य) एरोनटिकल सर्भेक्षण गर्ने संस्थालाई अनुमति प्रदान गर्ने र त्यस्ता सर्भेक्षणबाट प्राप्त तथ्यांक तथा विवरणलाई प्रमाणित गर्ने,

(र) नागरिक उड्डयनको क्षेत्रमा कार्यरत रहने तोकिएका जनशक्तिको लागि कार्य समयका सर्तहरु तोक्ने,

(ल) नयाँ बिमानस्थल निर्माण तथा विमानस्थलको गुरुयोजना स्वीकृति गर्ने सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने,

(व) नागरिक उड्डयन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी अन्तर्गत प्रतिपादित मापदण्ड तथा सिफारिसहरु (स्ट्याण्डर्ड एण्ड रिकमेण्डेड प्र्याक्टिसेज), म्यानुअल तथा मार्गदर्शनहरु आवश्यकतानुसार कार्यान्वयन गर्ने गराउने,

(श) नागरिक उड्डयनका नियामक निकाय वीच हुने उडान सुरक्षा सुपरिवेक्षण सम्बन्धी जिम्मेवारी आदान प्रदान गर्ने सम्बन्धमा समझदारी गर्ने,

(ष) नागरिक उड्डयन सेवा प्रदायक संस्थाले लिने शुल्क, महशुल, दस्तुर, हवाई भाडा आदि निर्धारण गर्ने सम्बन्धमा मन्त्रालयलाई सुझाव दिने,

(स) नागरिक उड्डयनसँग सम्बन्धित अन्तर्राष्ट्रिय, क्षेत्रीय संघ/संस्थाहरु तथा विदेशी राष्ट्रका नागरिक उड्डयनका नियामक संस्थाहरुसँग आवश्यकतानुसार समन्वय, सहकार्य एवम् समझदारी गर्ने,

(ह) आइकाओबाट उड्डयन सुरक्षा प्रवर्द्धनका लागि तर्जुमा गरिएका नीति, योजना तथा कार्यक्रममा आवश्यकतानुसार सहभागिता जनाउने र सो को कार्यान्वयन गर्ने गराउने,

(क्ष) नागरिक उड्डयनसँग सम्बन्धित विषयमा मन्त्रालयलाई आवश्यकतानुसार परामर्श दिने,

(त्र) मन्त्रालयले समय समयमा निर्देशन गरे बमोजिमका अन्य कार्यहरु गर्ने ।

२४. **प्राधिकरणले आदेश तथा निर्देशन दिन सक्ने** : हवाई यात्रुहरूको सेवा, सुविधा तथा सुरक्षा, विमानस्थल तथा विमानस्थल क्षेत्रको सेवा तथा सुरक्षा, वायुयानको सुरक्षा, हवाई उडान तथा त्यस्तो कार्यसंग सम्बन्धित व्यक्ति तथा उपकरणहरूका सुरक्षाको व्यवस्थापनको लागि प्राधिकरण वा प्राधिकरणबाट अधिकार प्राप्त व्यक्तिले सेवा प्रदायक संस्था, सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय वा व्यक्तिहरूलाई आवश्यक आदेश तथा निर्देशन दिन सक्नेछ । त्यसरी दिएको आदेश तथा निर्देशन पालन गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**२५. <u>सञ्चालक समितिः</u>** (१) प्राधिकरणको काम कारवाहीको सञ्चालन, व्यवस्थापन तथा सुपरिवेक्षण गर्नको लागि नेपाल सरकारले एक सञ्चालक समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित सञ्चालक समितिमा देहायबमोजिम अध्यक्ष तथा सदस्यहरु रहने छन्:

| | |
|---|---|
| (क) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री वा राज्यमन्त्री | अध्यक्ष |
| (ख) सहसचिव, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | सदस्य |
| (ग) सहसचिव, अर्थ मन्त्रालय | सदस्य |
| (घ) उड्डयन सुरक्षा, हवाई सुरक्षा, विमानस्थल संचालन वा एयर नेभिगेसन सेवाको क्षेत्रमा विशेष ज्ञान भएका र नागरिक उड्डयन क्षेत्रमा कम्तिमा १० वर्षको अनुभव भएका व्यक्तिहरु मध्येबाट नेपाल सरकारले मनोनयन गरेका दुई जना | सदस्य |
| (ङ) महानिर्देशक, नेपाल नागरिक उड्डयन प्राधिकरण | सदस्य सचिव |

(३) उपदफा (२) को खण्ड (घ) बमोजिमका सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (२) को खण्ड (घ) बमोजिम मनोनीत सदस्य वा निजको परिवार प्राधिकरणबाट नियमन हुने कुनै पनि सेवाप्रदायक संस्थासंग प्रत्यक्ष रुपमा संलग्न भएको वा प्राधिकरणसँगको कारोबार वा करारमा पक्ष भएको वा त्यस्ता कारोवारमा निजको कुनै आर्थिक स्वार्थ गाँसिएको हुनु हुँदैन ।

(५) उपदफा (२) बमोजिम गठित सञ्चालक समितिको सदस्य देहायको कुनै अवस्थामा आफ्नो पदमा कायम रहने छैनन्:-

(क) नेपाल सरकारले हटाएमा वा निज सो पदमा बहाल नरहेमा,

(ख) पदावधि समाप्त भएमा,

(ग) नेपाल सरकार समक्ष दिएको लिखित राजीनामा स्वीकृत भएमा,

(घ) मृत्यु भएमा ।

(६) महानिर्देशक वाहेक सञ्चालक समितिका अन्य पदाधिकारी पदमुक्त भएको मिति देखि एक वर्ष सम्म प्राधिकरणको नियमनको दायरामा आउने सेवा प्रदायक संस्थामा प्रत्यक्ष वा परोक्ष रुपमा आवद्ध हुन हँदैन ।

(७) सञ्चालक समितिले आवश्यक ठानेमा कुनै विज्ञ वा सल्लाहकारलाई  पर्यवेक्षकको रुपमा बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

**२६.** **<u>सञ्चालक समितिको बैठकः</u>** (१) समितिको बैठक आवश्यकतानुसार बस्नेछ, तर एउटा बैठक र अर्को बैठकको अन्तर साठी दिन भन्दा बढी हुनेछैन ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफूमध्येबाट छानेको  सदस्यले सञ्चालक समितिको बैठकको अध्यक्षता गर्नेछ ।

(५) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) समितिको बैठकमा छलफल भएका विषय र सो सम्बन्धमा भएको निर्णय समितिको सदस्य सचिवले निर्णय पुस्तिका (माइन्यूट) मा जनाई बैठकमा उपस्थित सदस्यहरूको दस्तखत गराउनु पर्नेछ ।

(७) समितिको गठनमा कुनै त्रुटी भई वा कुनै सदस्यको स्थान रिक्त भई समितिमा कुनै काम कारवाही भएको भए सोही कारणले मात्र त्यस्तो काम कारवाही बदर हुने छैन ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधी समिति आफैले निर्धारण गर्न सक्नेछ ।

**२७.** **<u>अध्यक्षको काम, कर्तव्य तथा अधिकारः</u>** अध्यक्षको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :-

(क) समितिको बैठकमा छलफल गरिने विषयहरूको प्राथमिकता क्रम निर्धारण गर्ने,

(ख) प्राधिकरणद्वारा सञ्चालित योजना तथा कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने, गराउने र तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ग) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा उल्लेख भएकोमा बाहेक तथा विशेष परिस्थितिमा प्राधिकरणको उद्देश्य पूरा गर्नको निमित्त जुनसुकै काम कारवाही गर्न वा गराउन आवश्यक निर्देशन दिने,

(घ) प्राधिकरणको काम कारवाही व्यवस्थित, प्रभावकारी, लाभप्रद र सुचारु रूपबाट सञ्चालन गर्ने, गराउने ।

२८. **महानिर्देशकको नियुक्तिः** (१) प्राधिकरणको कार्य सन्चालनको लागि कार्यकारी प्रमुखको रुपमा नेपाल सरकारले प्राधिकरणको सेवामा बहाल रहेको कम्तिमा उपमहानिर्देशक स्तरको कर्मचारी वा नेपाल सरकारको बहालवाला कम्तिमा सहसचिव स्तरको कर्मचारी मध्येबाट महानिर्देशकको पदमा नियुक्ति गर्नेछ ।

(२) महानिर्देशकको पदावधि चार वर्षको हुनेछ र निजको कार्य सन्तोषजनक भएमा निजलाई अधिकतम अर्को एक कार्यकालसम्मको लागि पुनः नियुक्ति गर्न सकिनेछ ।

(३) नेपाल सरकारले देहायको अवस्थामा महानिर्देशकलाई उपदफा (२) बमोजिम तोकिएको पदावधि पुरा हुनु अगावै पदबाट मुक्त गर्न सक्नेछ :-

क) प्राधिकरणको उद्देश्य विपरीत कार्य गरेको पाईएमा,

ख) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावलीको पालना नगरेको पाइएमा,

ग) फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा,

घ) प्रशासनिक कानुनको उल्लङ्घन गरेको प्रमाणित भएमा,

ङ) नेपाल सरकारको निर्देशनको पालना नगरेमा ।

(४) उपदफा (३) बमोजिम महानिर्देशकलाई पदमुक्त गर्नुपर्दा निजलाई सफाई पेश गर्ने मनासिव माफिकको मौका दिनुपर्नेछ ।

(५) महानिर्देशक पदमुक्त भएको मिति देखि तीन वर्ष सम्म प्राधिकरणको नियमनको दायरामा आउने सेवा प्रदायक संस्थामा प्रत्यक्ष वा परोक्ष रुपमा आवद्ध हुन पाउने छैनन् ।

२९. **महानिर्देशकको काम, कर्तव्य तथा अधिकारः** (१) महानिर्देशकको काम, कर्तव्य तथा अधिकारहरु देहाय बमोजिम हुनेछन्:

(क) प्राधिकरणको दैनिक प्रशासनको सञ्चालन तथा व्यवस्थापन गर्ने,

(घ) यस ऐनको कार्यान्वयन गर्न तथा प्राधिकरणको कार्य सञ्चालनको लागि आवश्यक पर्ने कानूनी मस्यौदा तयार गरी स्वीकृतिको लागि समितिमा पेश गर्ने,

(ङ) प्राधिकरणको कोषको सुपरिवेक्षण तथा नियन्त्रण गर्ने गराउने र यसको सम्पत्तिको व्यवस्थापन तथा संभार गर्ने,

(छ) प्राधिकरणको आवधिक योजना, वार्षिक कार्यक्रम, आय तथा व्ययको बजेट अनुमान तयार गरी स्वीकृतिका लागि समिति समक्ष पेश गर्ने,

(ज) समितिले स्वीकृत गरेबमोजिम बजेट, योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने,

(झ) प्राधिकरणको हिसाब किताबको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने व्यवस्था गर्ने,

(ञ) आइकाओद्वारा प्रतिपादित मापदण्ड तथा सिफारिसहरु (स्ट्याण्डर्डस एण्ड रिकमेण्डेड प्र्याक्टिसेज), म्यानुअल तथा मार्गदर्शन बमोजिम आवश्यकतानुसार रिक्वायरमेण्ट्स, डाइरेक्टिभ्स, म्यानुअल, सर्कुलर जारी गर्ने र सो को कार्यान्वयन गर्ने,

(ट) यो ऐन बमोजिम जारी गरिएका इजाजतपत्र, प्रमाणपत्र वा मान्यतापत्र प्राप्त गरेको व्यक्ति वा संस्थाको सुरक्षा सुपरिवेक्षण (सेफ्टी ओभरसाइट) गर्ने तथा उक्त कार्यका लागि आवश्यक अधिकारसहित निरीक्षक नियुक्त गर्ने,

(ठ) नेपालमा संचालन हुने विदेशी वायुसेवा कम्पनीहरुको तोकिए बमोजिम उडान सुरक्षा सुपरिवेक्षण सम्बन्धी कार्य गर्ने,

(ड) उड्डयन सम्बन्धी घटना, दुर्घटना तथा उडान सुरक्षामा प्रतिकुल प्रभाव पार्ने वा पार्न सक्ने कुनै पनि अवस्थाको नियमनकारी निकायले गर्नुपर्ने छानविन गर्ने, सुरक्षा सिफारिस जारी गर्ने र दोषीलाई कारवाही गर्ने,

(ढ) यस ऐन बमोजिम जारी गरिएका प्रमाणपत्र, इजाजतपत्र, अनुमति वा अधिकारपत्र बाहकले यो ऐन वा अन्तर्गत बनेको नियमावली, रिक्वायरमेण्ट्स, निर्देशिका तथा आदेशको उल्लंघन गरी उडान सुरक्षामा प्रतिकुल असर पर्ने कार्य गरेको पाइएमा त्यस्तो प्रमाणपत्र, इजाजतपत्र वा अनुमतिपत्रद्वारा प्रदत्त कुनै वा सबै अधिकारको प्रयोगमा रोक लगाउने,

(ण) कुनै वायुयान, उपकरण, सेवा वा सुविधाको संचालन असुरक्षित तवरले हुँदैछ वा तिनको संचालनबाट धनजनको क्षति पुग्ने विश्वास गर्ने पर्याप्त आधार भएमा त्यस्ता वायुयान, उपकरण, सेवा वा सुविधाको प्रयोगमा रोक लगाउने र आवश्यक छानविन गर्ने,

(त) यो ऐन तथा यस ऐन अन्तर्गत बनेका नियम, रिक्वायरमेण्ट्स, डाइरेक्टिभ्स, म्यानुअल तथा सर्कुलरमा उल्लेखित उडान सुरक्षासँग सम्बन्धित व्यवस्थाहरुको उल्लंघन गर्ने संस्था तथा व्यक्तिलाई तोकिए बमोजिम दण्ड, जरीवाना गर्ने,

(थ) नागरिक उड्डयनसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ सस्थाहरुसँग समन्वय गर्ने र पारस्परिक सहयोग आदान प्रदानको व्यवस्था मिलाउने,

(द) प्राधिकरण, नेपाल सरकार एवं अन्य संस्था तथा निकायहरुबीच सम्पर्क अधिकारीको रुपमा काम गर्ने ।

**३०. निरीक्षण वा जाँचबुझ गर्नसक्ने विशेष अधिकार:** (१) महानिर्देशक वा निजले नियुक्त गरेको निरिक्षक वा निजबाट अख्तियार प्राप्त अधिकारीलाई निरीक्षण वा जाँचबुझको क्रममा यस ऐन अन्तर्गत जारी प्रमाणपत्र, इजाजतपत्र, अनुमति पत्र प्राप्त गर्ने व्यक्ति वा संस्थाको वायुयान, विमानस्थल, नागरिक उड्डयनसँग सम्बन्धित कुनै संरचना, सुविधा (फेसिलिटिज) तथा परिसरमा निर्वाध प्रवेश गर्ने र सम्बन्धित व्यक्तिसँग सोधपुछ गर्ने, कागजात माग्ने, छानविन गर्ने तथा कागजात आफ्नो कब्जामा लिने अधिकार हुनेछ ।

(२) उपदफा (१) बमोजिम निरिक्षण वा जाँचबुझको क्रममा कुनै वायुयान, उपकरण, सेवा वा सुविधा (फेसिलिटिज) को संचालन उडान सुरक्षाको दृष्टिले सुरक्षित रहेको नदेखिएमा त्यस्तो वायुयान, उपकरण, सेवा वा सुविधाको संचालनमा रोक लगाउने वा त्यस्तो संचालन कार्यमा संलग्न व्यक्ति वा संचालकलाई यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम प्रदान गरिएको इजाजतपत्र, प्रमाणपत्र वा अन्य कुनै कागजातबाट प्राप्त अधिकारको प्रयोगमा तत्काल बन्देज वा रोक लगाउन सकिनेछ ।

**३१. प्राधिकरणका कर्मचारी तथा विशेषज्ञ :** (१) प्राधिकरणमा आवश्यक संख्यामा कर्मचारी तथा विशेषज्ञ जनशक्ति रहनेछन् ।

(२) उपदफा (१) बमोजिमका कर्मचारी प्राधिकरणले स्थायी, अस्थायी तथा सेवा करारमा नियुक्त गर्न सक्नेछ ।

(३) प्राधिकरणले नियमनकारी कार्यका लागि आवश्यक पर्ने भएमा स्वदेशी वा विदेशी विशेषज्ञ जनशक्तिलाई विशेष सुविधा सहित करारमा नियुक्त गर्न सक्नेछ ।

**३२. प्राधिकरणको आर्थिक व्यवस्था:** (१) प्राधिकरणले आफ्नो कार्य संपादन गर्न देहाय बमोजिम आर्थिक श्रोत जुटाउन सक्ने छ :-

(क) यस ऐन बमोजिम जारी हुने इजाजतपत्र, प्रमाणपत्र, मान्यता पत्र, अनुमति पत्र वा अन्य कुनै कुनै किसिमको प्रमाणपत्र जारी गर्दा तथा नविकरण गर्दा तोकिए बमोजिम शुल्क तथा दस्तुर लगाउने र असुल उपर गर्ने,

(ख) नागरिक उड्डयन सम्बन्धी कुनै पनि किसिमको काम, पूर्वाधार, सुविधा तथा उपकरण सम्बन्धी इजाजतपत्र, प्रमाणपत्र, अनुमतिपत्र वा स्वीकृति जारी गर्दा तथा नवीकरण वा मान्यता प्रदान गर्दा तोकिए बमोजिम शुल्क लगाउने,

(ग) नेपालको नागरिक उड्डयन दर्ता किताबमा दर्ता तथा दर्ता खारेजी गरे बापतको तोकिए बमोजिम शुल्क लगाउने,

(घ) हवाई यात्रुहरुबाट तोकिए बमोजिम उडान सुरक्षा शुल्क लगाउने,

(ङ) नागरिक उड्डयन सम्वन्धी इजाजतपत्र, प्रमाणपत्र, अनुमति पत्र वा मान्यता पत्र जारी गर्न वा नविकरण गर्न वा कुनै किसिमको स्विकृति प्रदान गर्ने प्रयोजनका लागि परीक्षण तथा निरीक्षण गरे बापत तोकिए बमोजिमको शुल्क लगाउने,

(च) सेवा प्रदायक संस्थाहरुको डकुमेण्टस्, म्यानुअल आदि स्वीकृति वा अनुमोदन गर्दा तोकिए बमोजिम शुल्क लगाउने,

(छ) प्राधिकरणको स्वामित्वमा रहेको भवन, जग्गा जमिन वा अन्य चल अचल सम्पत्तिको उपयोगबाट प्राप्त हुने आय,

(च) प्राधिकरणबाट प्रदान गरिने अन्य नियमनकारी सेवा बापत तोकिए बमोजिम शुल्क लगाउने ।

(२) उपदफा (१) बमोजिमको श्रोतबाट उठ्ने रकम प्राधिकरणको नियमनकारी कार्यका लागि अपुग हुने भएमा नेपाल सरकारले आवश्यक अनुदान उपलब्ध गराउनेछ ।

(३) उपदफा (१) बमोजिम लगाइएका शुल्क तथा दस्तुरहरु तोकिएको समयमा नबुझाउने व्यक्ति/संस्थाबाट प्राधिकरणले अतिरिक्त शुल्क तथा दस्तुर लगाई असूल उपर गर्नसक्नेछ ।

(४) यो ऐन तथा यस ऐनअर्न्तगत बनेको नियमावलीमा भएका व्यवस्थाको अधीनमा रही प्राधिकरणलाई कुनै व्यक्तिबाट प्राप्त गर्नु पर्ने शुल्क, दस्तुर तथा क्षतिपूर्ति रकम सरकारी बाँकी सरह असूल उपर गर्ने अधिकार हुनेछ ।

३३. **प्राधिकरणको कोषः** (१) प्राधिकरणको एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहनेछन्:-

(क) प्राधिकरणको पुंजी, ऋण, अनुदान तथा जरीवाना वापत प्राप्त रकम,

(ख) दफा ३२ बमोजिम प्राप्त हुने रकम,

(ग) नेपाल सरकारबाट प्राप्त हुने रकम ,

(३) प्राधिकरणको कोषको संचालन तोकिए बमोजिम हुनेछ ।

३४. **लेखा र लेखापरीक्षणः** (१) प्राधिकरणको लेखा, समितिबाट स्वीकृत ढाँचा र तरिका बमोजिम राखिनेछ ।

(२) प्राधिकरणको लेखाको लेखापरीक्षण महालेखा परीक्षक वा निजले तोकेको लेखा परीक्षकद्वारा हुनेछ ।

३५. **वार्षिक प्रतिवेदन पेश गर्नेः** प्राधिकरणले आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र नेपाल सरकार समक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

३६. **नेपाल सरकारसँग सम्पर्कः** प्राधिकरणले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

## परिच्छेद -६
## सेवा प्रदायक संस्था स्थापना सम्बन्धी व्यवस्था

३७. **सेवा प्रदायक संस्थाको स्थापनाः** (१) नेपाल सरकारले विमानस्थल तथा एयर नेभिगेसन सेवा संचालन गर्न प्रचलित कम्पनी ऐन बमोजिम एक स्वायत्त पब्लिक लिमिटेड कम्पनी स्थापना गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपाल सरकारले आवश्यक ठानेमा विमानस्थल तथा एयर नेभिगेसन सेवा संचालनका लागि एक भन्दा बढी संस्था स्थापना गर्न वाधा पर्ने छैन ।

(३) उपदफा (१) बमोजिम स्थापना हुने संस्थाको प्रकृति, उद्देश्य, काम, कर्तव्य तथा अधिकार लगायतका अन्य विषयहरु त्यस्तो संस्थाको प्रबन्ध पत्रमा उल्लेख गरे बमोजिम हुनेछ ।

३८. **संयुक्त लगानीः** दफा ३७ बमोजिम स्थापना हुने सेवा प्रदायक संस्थाले नेपाल सरकारको पूर्व स्विकृती लिई स्वदेशी वा विदेशी लगानीकर्ताहरुसँग संयुक्त लगानीमा योजना तथा कार्यक्रम संचालन गर्न सक्नेछ ।

३९. **व्यापारिक सिद्धान्त अनुसरण गर्नेः** दफा ३७ बमोजिम स्थापना हुने सेवा प्रदायक संस्थाले कार्य सम्पादन गर्दा उडान सुरक्षा, हवाई सुरक्षा तथा हवाई यात्रुको सुविधालाई दृष्टिगत गरी व्यापारिक सिद्धान्त अनुसरण गर्न सक्नेछन् ।

४०. **सम्पत्ति हस्तान्तरण :** (१) नेपाल सरकारले यो ऐन लागू हुन पूर्व प्राधिकरणको स्वामित्वमा रहेका विमानस्थल, एयर नेभिगेसन सेवा तथा अन्य सेवाले चर्चेका जग्गा जमिन तथा भवन, उपकरण, संरचना आदि सम्पत्ति मूल्यांकन गरी प्राधिकरणलाई आवश्यक पर्ने वाहेकका सम्पत्ति दफा ३७ बमोजिम स्थापना हुने संस्थालाई हस्तान्तरण गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति हस्तान्तरण गर्दा त्यस्ता सम्पत्तिसँग जोडिएको नेपाल सरकार तथा विदेशी दातृ निकायबाट प्राप्त ऋण, अनुदान वापतको अधिकार तथा दायित्व समेत दफा ३७ बमोजिम स्थापना हुने संस्थामा सर्नेछ ।

४१. **कर्मचारीहरुको व्यवस्थापन:** (१) ऐनको दफा ३७ बमोजिम सेवा प्रदायक संस्था गठन भएमा नेपाल सरकारले प्राधिकरणको सेवामा कार्यरत रहेका कर्मचारीलाई ऐनको दफा २२ बमोजिमको प्राधिकरणमै रहने वा ऐनको दफा ३७ बमोजिम स्थापना हुने सेवा प्रदायक संस्थामा रहने भन्ने सम्बन्धमा छनौट गर्न उचित समय दिइनेछ ।

(२) उपदफा (१) बमोजिम प्राधिकरण सेवामा नै रहन चाहने कर्मचारीलाई प्राधिकरण सेवामा पुल दरबन्दी सृजना गरी राखिनेछ र कर्मचारीको योग्यता, दक्षता, क्षमता तथा कार्य प्रकृतिलाई आधार बनाई आवश्यकतानुसार उपयुक्त परीक्षण विधि अपनाई उपयुक्त कर्मचारी छनौट गरी प्राधिकरणको रिक्त दरबन्दीको पदमा समायोजन गरिनेछ । यसरी समायोजन गर्दा कर्मचारीलाई निजले प्राधिकरणमा सेवारत रहँदा खाइपाई आएको पारिश्रमिक लगायतका सुविधाहरुमा कटौती नहुने व्यवस्था मिलाउनुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम विमानस्थल तथा एयर नेभिगेसन सेवा प्रदायक संस्थामा रहन चाहने कर्मचारीलाई निजले खाइपाई आएको पारिश्रमिक लगायतका सुविधाहरुमा कटौती नहुने गरी उक्त संस्थामा समायोजन गरिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम समायोजन हुने कर्मचारीहरुको हकमा प्राधिकरणमा कार्यरत रहँदाको सेवा अवधिलाई ज्येष्ठता, पेन्सन, उपदान तथा वृत्ति विकासको प्रयोजनका लागि गणना गरिनेछ ।

(५) उपदफा (२) र (३) बमोजिम समायोजन नहुने कर्मचारीहरुलाई उपयुक्त योजना अन्तर्गत स्वैच्छिक अवकासको मौका दिइनेछ ।

४२. **पेन्सन तथा उपदान:** (१) दफा ४१ बमोजिम प्राधिकरण वा विमानस्थल तथा एयर नेभिगेसन सेवा प्रदायक संस्थाको सेवामा समायोजन हुने कर्मचारीहरुको पेन्सन, उपदान वा अन्य अवकास सुविधाको व्यवस्था समायोजन हुने संस्थाले गर्नेछ ।

(२) यो ऐन लागू हुनुपूर्व प्राधिकरणबाट पेन्सन प्राप्त गरिहेका कर्मचारीहरुको पेन्सन वापतको रकमको भुक्तानीको सुनिश्चितताको लागि यस अघि स्थापना गरिएको सेवा निवृत्त कोष यस ऐन बमोजिम स्थापना हुने प्राधिकरणमा रुपान्तरण हुनेछ ।

४३. **सेवा सुविधामा रोक लगाउन सकिने :** कसैले प्रचलित कानून बमोजिम सेवा सुविधा उपभोग गरे बापत सेवा प्रदायक संस्थालाई तिर्नु बुझाउनुपर्ने शुल्क, दस्तुर वा भाडा नतिरे नबुझाएमा सेवा प्रदायक संस्थाले त्यस्तो सेवा सुविधा उपभोग गर्न रोक लगाउन सक्नेछ ।

## परिच्छेद -७

## वायुयान दुर्घटना छानविन सम्बन्धी व्यवस्था

४४. **गम्भीर हवाई घटना तथा दुर्घटनाको छानबिनः** (१) नेपाल राज्यको भूभाग भित्र हुने वायुयानसँग सम्बन्धित जुनसुकै दुर्घटना वा गम्भीर घटनाको जाँचबुझ गर्ने अधिकार नेपाल सरकारलाई हुनेछ ।

(२) वायुयान दुर्घटना वा गम्भीर घटनाको निष्पक्ष जाँचबुझको लागि नेपाल सरकारले एक स्वायत्त निकाय स्थापना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको निकाय स्थापना नभए सम्मको लागि नेपाल सरकारले वायुयान दुर्घटना जाँचको क्षेत्रमा दक्षता हासिल गरेका व्यक्तिलाई अनुसन्धानकर्ताको रुपमा तोकी निष्पक्ष जाँचबुझ गराउन सक्नेछ ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै दुर्घटनाको सम्बन्धमा विस्तृत जाँचबुझ गराउनु परेमा नेपाल सरकारले आवश्यक श्रोत साधन सहित अधिकार सम्पन्न दुर्घटना जाँचबुझ आयोग गठन गर्न सक्नेछ ।

(५) कुनै दुर्घटनाको सम्बन्धमा नेपाल सरकारले आपसी सहमति वा सम्झौताबमोजिम अर्को राष्ट्रलाई पूर्ण वा आंशिकरुपमा छानबिन कार्य गर्नको लागि अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(६) अन्य मुलुकमा हुने हवाई दुर्घटना जाँचमा प्रतिनिधित्व गर्नका लागि वायुयानको दर्ताको राष्ट्र वा वायुयान संचालकको राष्ट्रको हैसियतले नेपाल सरकारले आधिकारिक प्रतिनिधी तोक्न सक्नेछ ।

(७) वायुयान दुर्घटना तथा गम्भीर घटनाको छानबिन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४५. **घटनाको छानबिनः** (१) नेपाल राज्यको भूभाग भित्र हुने वायुयानसँग सम्बन्धित जुनसुकै घटनाको जाँचबुझ गर्ने अधिकार महानिर्देशकलाई हुनेछ ।

(२) उपदफा (१) बमोजिमको छानविन सम्बन्धी अन्य व्यवस्था महानिर्देशकले तोके बमोजिम हुने छ ।

## परिच्छेद -८

## हवाई सुरक्षा सम्बन्धी व्यवस्था

४६. **विमानस्थलमा निषेधित क्षेत्र सम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विमानस्थल तथा एयर नेभिगेसन सेवा संचालनसँग सम्बन्धित स्थानको सम्पूर्ण वा कुनै भागलाई हवाई सुरक्षाको दृष्टिले निषेधित क्षेत्रको रुपमा तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको निषेधित क्षेत्रमा प्रवेशका लागि आवश्यकताको आधारमा अख्तियार प्राप्त अधिकारीले तोकिए बमोजिम विमानस्थल प्रवेश पास जारी गर्नेछ ।

*स्पष्टिकरणः यस उपदफाको प्रयोजनका लागि "अख्तियार प्राप्त अधिकारी" भन्नाले विमानस्थल सेवा प्रदायक संस्थाको प्रमुख सम्झनुपर्छ ।*

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि उडान सुरक्षा तथा हवाई सुरक्षाको नियमन कार्यमा खटिने निरीक्षकहरुलाई प्राधिकरणद्वारा जारी निरीक्षक परिचयपत्रको आधारमा नेपालका विमानस्थलहरुको सबै निषेधित क्षेत्रहरुमा सहज प्रवेशको अधिकार हुनेछ ।

४७. **खानतलासी गर्नुपर्नेः** (१) नेपाल सरकारबाट विमानस्थलमा कार्यरत अधिकारप्राप्त कर्मचारी वा सुरक्षाकर्मीबाट खानतलासी नगराई कुनै पनि यात्रु, मालसामान, डाँक आदिलाई विमानस्थल निषेधित क्षेत्रमा प्रवेश गराउनु वा वायुयानबाट ओसारपसार गर्नु गराउनु हुँदैन । यस्तो खानतलासी वायुयान चालकदलका सदस्य, वायुसेवा तथा विमानस्थलमा कार्यरत कर्मचारी लगायत विमानस्थलको निषेधित क्षेत्रमा काम गर्ने कामदारको समेत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको खानतलासी लिंदा उपयुक्त यन्त्र तथा उपकरणको समेत प्रयोग गर्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिम खानतलासी गराउनबाट इन्कार गर्ने यात्रु वा व्यक्तिलाई निषेधित क्षेत्रमा प्रवेश गर्न तथा वायुयानमा चढ्न रोक लगाइनेछ ।

(४) उपदफा (१) बमोजिम खानतलासी गर्दा कुनै अवैध हातहतियार, विष्फोटक पदार्थ, घातक बस्तु वा यस्तै प्रकृतिका अन्य बस्तु वा पदार्थ वा प्रचलित कानून बमोजिम प्रतिबन्धित मालसामान बरामद भएमा उक्त बरामद भएको बस्तु र व्यक्तिलाई कानूनी छानविनको लागि नेपाल प्रहरीको जिम्मा लगाउनुपर्नेछ ।

(५) उपदफा (४) बमोजिम छानविन गर्दा बरामद भएको बस्तु वा पदार्थ गैर कानूनी नदेखिएमा तोकिएको प्रकृया पुरा गरी वायुयानमा लैजान दिन सकिनेछ ।

(६) हवाई यात्रुले आफुसँग वायुयानमा लान सक्ने बस्तु वा पदार्थको मात्रा तोके बमोजिम हुनेछ ।

(७) खानतलासीको कारणबाट कुनै यात्रुको उडान छुटेमा वा कुनै क्षती भएमा त्यसको लागि खानतलासी गर्ने कर्मचारीको कसै प्रति कुनै कानूनी दायित्व रहने छैन ।

(८) खानतलासी सम्बन्धी अन्य व्यवस्था राष्ट्रिय हवाई सुरक्षा कार्यक्रममा तोके बमोजिम हुनेछ ।

४८. **हवाई सुरक्षा सम्बन्धी उपयुक्त अधिकारी तोक्ने:** (१) नेपाल सरकारले नेपालको हवाई सुरक्षाको उच्चतम स्तर कायम गर्न विशेष जिम्मेवारी सहित हवाई सुरक्षा सम्बन्धी उपयुक्त अधिकारी (एप्रोप्रियट अथोरिटी) को रुपमा कुनै पदाधिकारीलाई तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको पदाधिकारीको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४९. **हवाई सुरक्षा व्यवस्था :** (१) नेपाल राज्य भित्रका सम्पूर्ण विमानस्थलहरु र एयर नेभिगेसन सेवा संरचनाहरुको सुरक्षाको लागि नेपाल सरकारले छुट्टै हवाई सुरक्षा संस्था स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाले हवाई सुरक्षाका विरुद्ध हुन सक्ने गैर कानूनी हस्तक्षेपको रोकथामका लागि अन्य सुरक्षा निकाय तथा नागरिक उड्डयन सम्बन्धी अन्य निकाय तथा संस्थाहरुसँग समन्वय गरी उपयुक्त सुरक्षा उपायहरु अवलम्बन गर्नु पर्नेछ ।

(३) विमानस्थल संचालक, वायुसेवा कम्पनी वा अन्य सेवा प्रदायक संस्थाले दफा (४८) मा उल्लेखित हवाई सुरक्षा सम्बन्धी उपयुक्त अधिकारीको अनुमति लिई आ-आफ्नो वायुयान, भौतिक संरचना वा सम्पत्तिको सुरक्षा प्रबन्ध मिलाउन सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको संस्था स्थापना नभए सम्म हवाई सुरक्षा सम्बन्धी व्यवस्था नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

(५) नागरिक उड्डयनको संचालनमा संलग्न रहने विभिन्न निकाय तथा संस्थाहरुको हवाई सुरक्षा सम्बन्धी जिम्मेवारी तोकिए बमोजिम हुनेछ ।

५०. **वायुयान बुझाउनु पर्ने:** (१) गैरकानूनी हस्तक्षेपको कारणबाट नेपालमा अवतरण गर्नको लागि बाध्य पारी कब्जा गरिएको कुनै वायुयान नेपालको कुनै विमानस्थल वा भूभागमा अवतरण गरेमा त्यस्तो वायुयानको कानुनी हक भएको संस्थाको प्रमुख वा हवाई यातायात सेवाको कर्मचारीलाई सो वायुयान फिर्ता लैजानको लागि बुझाउनु पर्नेछ

(२) उपदफा (१) बमोजिमको वायुयानलाई चालकदलका सदस्यहरु, यात्रु तथा मालसामान (कार्गो) सहित आफ्नो गन्तव्यमा उड्न वा उक्त वायुयानले उडान शुरु गरेको विमानस्थलमा जानको लागि यथाशक्य छिटो अनुमति दिनुपर्नेछ ।

**५१. <u>आपतकालिन अवस्थाको सुरक्षा व्यवस्था</u> :** वायुयान अपहरण वा अन्य आपतकालिन अवस्थामा वायुयान, त्यसमा सवार यात्रु तथा चालकदलका सदस्यको जीउ-ज्यानको सुरक्षा प्रबन्धको लागि आवश्यक पर्ने अधिकार सहितको सक्षम संयन्त्र स्थापना र परिचालन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**५२. <u>सुरक्षा सम्बन्धी आदेश दिन सक्नेः</u>** हवाई सुरक्षाको सुनिश्चितताको लागि अधिकार प्राप्त अधिकारीले विमानस्थल क्षेत्रभित्र कार्यरत कुनै व्यक्ति वा संस्थालाई उपयुक्त आदेश वा निर्देशन दिन सक्नेछ । त्यसरी दिइएको आदेश वा निर्देशनको पालना गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

## परिच्छेद -९

## <u>विमानस्थल सम्बन्धी व्यवस्था</u>

**५३. <u>विमानस्थल निर्माण तथा संचालनः</u>** (१) नेपाल सरकारको पूर्व स्वीकृतिबिना नेपालभित्र कुनै पनि विमानस्थल निर्माण गर्न पाइने छैन ।

(२) नेपाल सरकारको स्विकृति लिई सरकारी वा निजी संस्थाले विमानस्थल निर्माण, विकास तथा संचालन गर्न सक्नेछ ।

(३) विमानस्थल निर्माण गर्ने कार्यको लागि नेपाल सरकारले चार किल्ला तोकी विमानस्थलक्षेत्र निर्धारण गर्नेछ ।

(४) विद्यमान नीति तथा देहायका विषयलाई समेत विचार गरी नयाँ विमानस्थल निर्माण सम्बन्धमा नेपाल सरकारले आवश्यक निर्णय लिनेछ :-

क) भौगोलिक तथा वातावरणीय दृष्टिले प्रस्तावित स्थानको उपयुक्तता,

(ख) जनसंख्याको दृष्टिले सम्भाव्यता,

(ग) व्यावसायिक सम्भाव्यता,

(घ) स्थानीय तथा वैदेशिक लगानीको सम्भाव्यता,

(ङ) सामाजिक दायित्व ।

(५) विमानस्थल निर्माणको निर्णय गर्नुपूर्व नेपाल सरकारले सम्बन्धित निकायहरुबाट सुझाव माग गर्ने र सम्भाव्यता अध्ययन गराउनुपर्नेछ ।

**५४. <u>विमानस्थलको प्रयोगः</u>** (१) स्वीकृति दिइएको बाहेक अन्य प्रयोजनको लागि विमानस्थलको प्रयोग गर्नु हुँदैन ।

(२) आपतकालीन अवस्था वा विशेष अनुमति लिएको अवस्थामा बाहेक अन्य राष्ट्रहरुवाट प्रस्थान गरेका वा त्यस्ता राष्ट्रहरुमा गन्तव्य भएका उडानहरुले अन्तर्राष्ट्रिय विमानस्थलबाट मात्र उडान तथा अवतरण गर्नुपर्नेछ ।

**५५. <u>विमानस्थल दर्ता तथा प्रमाणीकरणः</u>** (१) अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन गर्ने सञ्चालकले तोकिए बमोजिम विमानस्थल सञ्चालन प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ ।

(२) सार्वजनिक प्रयोगमा आउने तोकिएका आन्तरिक विमानस्थलले विमानस्थल प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम विमानस्थल सञ्चालन प्रमाणपत्र आवश्यक नपर्ने विमानस्थल तोकिए बमोजिम दर्ता गर्नुपर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम विमानस्थल सञ्चालन प्रमाणपत्र प्राप्त नगरेको वा दर्ता नभएको विमानस्थल सञ्चालनमा ल्याउन पाइनेछैन ।

**५६. <u>विमानस्थलमा कार्यरत रहने संघ संस्थाको कर्तव्य :</u>** विमानस्थलमा सेवा सुविधा उपलब्ध गराउन कार्यरत रहने सबै सरकारी तथा गैरसरकारी संस्थाले हवाई यात्रुहरुको सुरक्षा, सुविधा तथा वायुयानको सुचारु संचालनलाई उच्च प्राथमिकतामा राखी स्तरीय सेवा सुविधा उपलब्ध गराउनुपर्नेछ ।

**५७. <u>विमानस्थल संचालकले समन्वय गर्नेः</u>** विमानस्थलमा सुरक्षित, नियमित र प्रभावकारी ढंगले सेवा सुविधा उपलब्ध गराउन विमानस्थल संचालकले त्यहाँ कार्यरत सम्पूर्ण सरकारी तथा गैरसरकारी संस्थाहरु वीच समन्वय गर्ने काम गर्नेछ ।

**५८. <u>विमानस्थल संचालकले निर्देशन दिन सक्नेः</u>** (१) हवाई यात्रुको सेवा, सुरक्षा तथा सुविधालाई दृष्टिगत गरी विमानस्थलको प्रमुख अधिकारीले त्यहाँ कार्यरत कुनै पनि सरकारी तथा गैरसरकारी निकाय वा व्यक्तिलाई निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनलाई पालन गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

(२) हवाई सेवालाई सुरक्षित रुपमा संचालन गर्न विमानस्थल संचालकले देहायका विषयहरुमा आवश्यकतानुसार निर्देशन दिने, नियमित गर्ने वा निषेध गर्न सक्नेछः-

क) विमानस्थल तथा विमानस्थल क्षेत्र र हवाई मार्गमा वा त्यसको आसपासमा प्रकाशको व्यवस्था गर्ने,

(ख) विमानस्थल, विमानस्थल क्षेत्र र हवाई मार्गमा रहेको कुनै व्यक्तिको निजी घरजग्गामा तोकिए बमोजिम प्रकाशको प्रबन्ध गर्न लगाउने,

(ग) विमानस्थल, विमानस्थल क्षेत्र र हवाई मार्गमा पर्ने जग्गामा कसैले कुनै भवन, टावर, लट्ठा इत्यादि बनाउँदा वा खडा गर्दा वा प्रकाशको व्यवस्था गर्दा पालन गर्नु पर्ने शर्त तोक्ने वा बन्देज लगाउने ।

(घ) खण्ड (ग) बमोजिम तोकिएको शर्त बन्देजमा उल्लिखित उचाई भन्दा बढीको भवन, घर, टहरा, टावर, लट्ठा, रूख वा अन्य कुनै कुराको निर्माण गर्न वा खडा गर्न, उचाई बढाउन प्रतिबन्ध लगाउने वा भैरहेको त्यस्तो भवन, घर, टहरा, लट्ठा, रूख आदि पूरै वा केही भत्काउन, उखेल्न, काट्न वा हटाउन लगाउने ।

(ङ) विमानस्थल वा विमानस्थल क्षेत्रभित्र रहेका वायुयान लगायत अन्य कुनै सम्पत्ति वा यन्त्र वा उपकरणको सुरक्षाको निमित्त आवश्यक व्यवस्था गर्ने ।

(३) उपदफा (२) बमोजिम विमानस्थल संचालकले उडान सुरक्षालाई ध्यानमा राखी विमानस्थल वा विमानस्थल क्षेत्रभित्रको कसैको चल, अचल सम्पत्तिको भोग चलनमा शर्तयुक्त बन्देज लगाउन सक्नेछ र त्यस्तो बन्देज सम्बन्धी निर्णय गर्दा वा तत्सम्बन्धित सूचना वा आदेश जारी गर्दा बन्देज लगाउन परेको कारण समेत स्पष्ट खुलाउनु पर्नेछ ।

**५९. <u>वातावरण संरक्षणः</u>** नेपाल सरकारले व्यावसायिक विमानस्थल तथा त्यसको वरपर कायम राख्नु पर्ने ध्वनि प्रदुषणको स्तर तोक्न र उड्डयन गतिविधीबाट उत्पन्न हुने ध्वनिको मूल्याङ्कन गर्ने विधि निर्धारण गर्नेछ ।

**६०. <u>चराचुरुङ्गी तथा बन्यजन्तु नियन्त्रणः</u>** (१) विमानस्थल संचालकले विमानस्थल क्षेत्रमा चराचुरुङ्गी तथा बन्यजन्तुको नियन्त्रणका लागि भरपर्दो व्यवस्था मिलाउनुपर्नेछ ।

(२) विमानस्थल र विमानस्थलको तीन किलोमिटर वरिपरिको क्षेत्रमा कसैले पनि अनियन्त्रित बधशाला स्थापना गर्ने, फोहोर मैला थुपार्ने कार्य गर्नु हुँदैन ।

(३) विमानस्थल क्षेत्रमा सेवा सुविधा प्रदान गर्न कार्यरत रहने संघ संस्थाले आफ्नो कार्य सम्पादन गर्दा विमानस्थल क्षेत्रमा फोहोर मैला हुन नदिन सचेत रहनुपर्नेछ ।

(४) विमानस्थलमा चराचुरुङ्गी तथा बन्यजन्तु नियन्त्रणको लागि चालिने कदममा सहयोग पुऱ्याउनु सम्बन्धित क्षेत्रका बासिन्दाहरुको कर्तव्य हुनेछ ।

**६१. <u>अरूको घर जग्गामा प्रवेश गर्न सक्ने</u>** : विमानस्थल संचालकले तोकेको अधिकृतले विमानस्थल संचालन सम्बन्धी कार्यको सिलसिलामा विमानस्थल क्षेत्रको आसपास वा हवाई मार्गमा रहेको कुनै व्यक्तिको घर जग्गामा प्रवेश गर्न आवश्यक परेमा नजिकको सुरक्षा निकाय तथा त्यस्तो घर जग्गा प्रयोग गरिरहेको व्यक्तिलाई पूर्व सूचना दिएर प्रवेश गर्न सक्नेछ ।

तर कुनै दुर्घटना हुनबाट बचाउन वा त्यस्तो घर जग्गामा जडान भएको कुनै उपकरणको जरुरी मर्मत कार्य गर्नु परेमा वा त्यस्तै अन्य कुनै मनासिव कारण भएमा पूर्व

सूचना नदिएर पनि जुनसुकै समयमा पनि विमानस्थल संचालकबाट अख्तियारप्राप्त कुनै कर्मचारीले त्यस्तो घर जग्गामा प्रवेश गर्न सक्नेछ ।

६२. **विमानस्थलसँग सम्बन्धित शुल्कः** (१) विमानस्थल संचालकले विमानस्थलमा सेवा सुविधा उपलब्ध गराए बापत देहाय बमोजिमको शुल्क असुल उपर गर्नेछः-

(क) विमानस्थल तथा विमानस्थल क्षेत्रमा वायुयान अवतरण (लैण्डिङ्ग), गृह आश्रय (हाउसिङ्ग), विसान (पार्किङ्ग) वा अन्य सवारी साधन विसान (पार्किङ्ग) गरे वापत तोकिए बमोजिमको शुल्क असुल गर्ने,

(ख) विमानस्थलमा विदेशबाट वायुयानद्वारा नेपाल राज्यमा आयात हुने मालसामान ढुवानीमा तोकिए बमोजिमको मालसामान (कार्गो) शुल्क असुल गर्ने,

(ग) हवाई यात्रुहरूले विमानस्थल प्रयोग गरे बापत तोकिए बमोजिम यात्रु सेवा सुविधा शुल्क असुल गर्ने,

(घ) विमानस्थलमा भूमिस्थ प्रबन्ध (ग्राउण्ड ह्याण्डलिङ्ग) सेवा, हवाई इन्धन विक्री, उडानमा रहेका यात्रुहरूलाई खाना उपलब्ध गराउने सेवा (फ्लाइट क्याटरिङ्ग), मालसामान प्रबन्ध (कार्गो हैण्डलिङ्ग) सेवा, यात्रु परिवहन (लिमोजिन) सेवा लगायतका सेवा सुविधा उपलब्ध गराए बापत तोकिए बमोजिमको शुल्क असुल गर्ने,

(ङ) विमानस्थल वा विमानस्थल क्षेत्रमा करमुक्त पसल, रेष्टुरेण्ट, होटल, पसल कवल, भि.आई.पी. वा सि.आई.पि. कक्ष वा अन्य व्यापार व्यवसाय सञ्चालन गर्नेहरूसंग तोकिए बमोजिम भाडा तथा शुल्क असुल गर्ने,

(च) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र छायांकन तथा विज्ञापन वापत तोकिए बमोजिम शुल्क असुल गर्ने,

(छ) विमानस्थल क्षेत्रको जग्गा भाडामा उपलब्ध गराए बापत तोकिए बमोजिमको भाडा असुल गर्ने,

(ज) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र विजुली, खानेपानी, टेलिफोन, टेलेक्स, फ्याक्स आदि सुविधा उपलब्ध गराए वापत तोकिए बमोजिम शुल्क असुल गर्ने,

(झ) तोकिए बमोजिमका अन्य सेवा सुविधा उपलब्ध गराए वापत भाडा तथा शुल्क असुल गर्ने ।

(२) उपदफा (१) बमोजिम बुझाउनु पर्ने भाडा तथा शुल्क तोकिएको म्यादभित्र नबुझाउनेको हकमा तोकिए बमोजिम थप भाडा तथा शुल्क असुल गर्न सकिनेछ ।

## परिच्छेद -१०

## एयर नेभिगेशन सेवा सम्बन्धी व्यवस्था

६३. **एयर नेभिगेशन सेवा प्रदान गर्ने :** (१) नेपाल सरकारको स्विकृति प्राप्त नगरी नेपाल राज्यमा कसैले पनि एयर नेभिगेशन सेवा प्रदान गर्न हुँदैन ।

(२) एयर नेभिगेसन सेवा प्रदान गर्ने संस्थाले एयर ट्राफिक सेवा र उड्डयन सूचना सेवा (एरोनटिकल इन्फर्मेसन सर्भिस) प्रदान गर्नेछ ।

(३) एयर नेभिगेसन सेवा प्रदान गर्ने संस्थाले खोज तथा उद्दार सेवाको समन्वय गर्नेछ ।

६४. **हवाई मार्ग तथा हवाई क्षेत्रको संरचनाः** नेपाल राज्यमा वायुयान उडान तथा अवतरण गर्ने प्रयोजनका लागि एयर नेभिगेसन सेवा प्रदान गर्ने संस्थाले प्राधिकरणले तोके बमोजिम विमानस्थलको प्रस्थान तथा आगमन विधी, उडान मार्ग, हवाई क्षेत्र बर्गिकरण, हवाई क्षेत्रको संरचना आदि तयार गरी लागू गर्नुपर्नेछ ।

६५. **संचार, उड्डयन सहाय तथा निगरानी उपकरण :** एयर नेभिगेसन सेवा प्रदान गर्ने संस्थाले एयर ट्राफिक सेवा प्रदान गर्नका लागि आवश्यक पर्ने संचार, उड्डयन सहाय तथा निगरानी उपकरणहरु जडान गरी निरन्तर संचालन योग्य अवस्थामा राख्नुपर्नेछ ।

६६. **उड्डयन मौसमी सेवा प्रदान गर्ने :** (१) हवाई सेवा संचालनको लागि आवश्यक पर्ने उड्डयन मौसमी सूचना सेवा नेपाल सरकारले प्रदान गर्नेछ ।

(२) नेपाल सरकारले नेपालको कुनै विमानस्थल वा तोकिएको क्षेत्रमा उपदफा (१) बमोजिमको सेवा प्रदान गर्न कुनै निजी सेवा प्रदायक संस्थालाई जिम्मेवारी दिन सक्नेछ ।

(३) उड्डयन मौसमी सेवा उपलब्ध गराउने संस्थाले एयर नेभिगेसन सेवा प्रदान गर्ने संस्थासँग समन्वय गरी गुणस्तरीय उड्डयन मौसमी सेवा प्रदान गर्नुपर्नेछ ।

६७. **एयर नेभिगेसन सेवा शुल्क :** एयर नेभिगेसन सेवा संचालकले नेपाल भूभाग माथि वायुयानले उडान (ओभरफ्लाई) गरेबापत, नेपालको सिमाभित्र उड्डयन संचार, पथप्रदर्शन तथा निगरानी सेवा उपलब्ध गराए बापत, उडान विधी प्रयोग गरे बापत तथा अन्य सेवा सुविधा उपलब्ध गराए बापत तोकिए बमोजिमको शुल्क लिन सक्नेछ ।

## परिच्छेद -११

## नेपाल सरकारको विशेष अधिकार

६८. **आदेश जारी गर्ने अधिकारः** (१) नेपाल सरकारले सार्वजनिक सुरक्षा, शान्ति तथा सुव्यवस्था कायम गर्नको लागि आवश्यकता अनुसार नेपाल राजपत्रमा सूचना प्रकाशन गरी देहाय बमोजिमका कार्यहरु गर्न वा नगर्न आदेश जारी गर्नसक्नेछः

(क) कुनै सर्त तोकी नेपालको पूरै भूभाग वा कुनै भूभाग माथि सबै किसिमका वायुयान वा कुनै प्रकारको वायुयानलाई उडान गर्न निषेध गर्ने ।

(ख) निजी क्षेत्रबाट संचालित वायुयान, विमानस्थल तथा नागरिक उड्डयनसँग सम्बन्धित उपकरण, संरचना वा सुविधाहरु तोकिएको अधिकारीको जिम्मा लगाउने र त्यसरी बुझाइएका मालसामानहरु सार्वजनिक सेवामा प्रयोग गर्ने ।

(ग) विमानस्थल आसपासको निजी वा सार्वजनिक जग्गाको प्रयोग विमानस्थल संचालनमा अवरोध पुग्ने गरी हुन लागेको देखिएमा तत्काल रोक लगाउने ।

(घ) एयर नेभिगेसन सेवासँग सम्बन्धित स्थानको वरपरको जग्गा जमिनको प्रयोगबाट उडान सुरक्षामा प्रतिकुल प्रभाव पर्ने देखिएमा त्यस्तो प्रयोग हुनबाट रोक लगाउने गर्ने ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम आदेश जारी गरिएकोमा त्यस्तो आदेशको कारणले कुनै व्यक्तिलाई प्रत्यक्ष क्षति वा हानि नोक्सानी भएमा नेपाल सरकारले तोकेको निकायले निर्धारण गरेबमोजिमको रकम त्यस्तो व्यक्तिलाई क्षतिपूर्ति बापत दिइने छ ।

६९. **वायुयान नियन्त्रणमा लिने अधिकारः** नेपाल सरकारले देहायका अवस्थामा कुनै वायुयानलाई नेपालको कुनै विमानस्थलमा अबतरण गर्न लगाउन वा नियन्त्रणमा लिन महानिर्देशकलाई आदेश दिन सक्नेछ ।

(क) यो ऐन वा यस ऐनअर्न्तगत बनेको नियमावलीको उद्देश्यविपरीत हुने गरी वायुयानको प्रयोग भईरहेको छ भन्ने कुरा बिश्वास गर्ने समुचित आधारहरु भएमा, वा

(ख) उड्डयन सुरक्षा, हवाई सुरक्षा वा सार्वजनिक आदेश पालना गराउने दृष्टिकोणले नियन्त्रणमा लिन आवश्यक छ भन्ने लागेमा ।

७०. **सार्वजनिक स्वास्थ्यको रक्षाको लागि संकटकालीन अधिकारः** (१) नेपाल राज्यको कुनै भूभागमा कुनै खतरनाक महामारी फैलिएको वा फैलिने सम्भावना छ भन्ने लागेमा त्यस्तो महामारी हवाई यातायातको माध्यमबाट अन्य स्थानमा फैलिन नदिन नेपाल सरकारले त्यस्तो स्थानमा सार्वजनिक उडानलाई रोक लगाउन सक्नेछ ।

(२) हवाई यातायातको माध्यमबाट फैलिनसक्ने सरुवा रोगबाट सर्वसाधारणको स्वास्थ्यमा पर्न सक्ने खतरालाई रोकथाम गर्नको लागि नेपाल सरकारले विमानस्थल र वायुयानमा आवश्यक उपाय अवलम्बन गर्न/ गराउन सक्नेछ ।

७१. **काममा रोक लगाउने वा गरेको काम बदर गर्न सक्नेः** (१) यस ऐन बमोजिम स्थापना भएका प्राधिकरण, हवाई सुरक्षा निकाय, विमानस्थल तथा एयर नेभिगेसन सेवा संचालकले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत कुनै काम गरेमा वा गर्न लागेमा नेपाल सरकारले त्यस्तो काम रोक्ने आदेश दिन सक्नेछ ।

(२) नेपाल सरकारले सार्वजनिक हितलाई ध्यानमा राखी आवश्यक देखेमा यस ऐन बमोजिम उपदफा (१) मा उल्लेखित संस्थाले दिएको कुनै आदेश पूर्ण वा आंशिक रूपमा बदर गर्न सक्नेछ ।

७२. **छूट दिन सक्नेः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी दफा ६२ र ६७ बमोजिम वायुयान तथा हवाई यात्रुहरूले विमानस्थल तथा एयर नेभिगेसन सेवा संचालकलाई तिर्नु बुझाउनु पर्ने शुल्क वा भाडामध्ये कुनै वा सबै तोकिए बमोजिमको अवस्थामा कुनै खास वायुयान तथा व्यक्ति वा वर्गले तिर्नु बुझाउनु नपर्ने गरी छुट दिन सक्नेछ ।

७३. **विघटन गर्न सक्नेः** (१) यस ऐन बमोजिम स्थापना भएका प्राधिकरण, दुर्घटना जाँच निकाय, हवाई सुरक्षा निकाय, विमानस्थल तथा एयर नेभिगेसन सेवा संचालकले गर्नु पर्ने काम नगरेमा, नेपाल सरकारले दिएको आदेशको पालन नगरेमा, संस्थाको सम्पत्ति हिनामिना भै नोक्सानी हुने अवस्थामा पुगेमा वा अन्य कुनै कारणले त्यस्तो संस्था कायम राख्न आवश्यक छैन भन्ने लागेमा नेपाल सरकारले उक्त संस्थालाई विघटन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राधिकरण विघटन भएमा प्राधिकरणको हक, दायित्व तथा सम्पत्ति नेपाल सरकारमा सर्नेछ ।

## परिच्छेद -१२
## कसूर तथा सजाय

७४. **वायुयानको अनधिकृत प्रवेश सम्बन्धी कसुर तथा सजाय** : यो ऐन वा प्रचलित कानुनबमोजिम अनुमति प्राप्त नगरी कुनै वायुयान नेपालमा प्रवेश गरेमा अनधिकृत

प्रवेशको कसुर गरेको मानिने छ र यस्तो कसुर गर्नेलाई एक देखि तीन बर्ष सम्म कैद हुने छ ।

**७५.** **<u>हवाई क्षेत्र अतिक्रमण सम्बन्धी कसुर तथा सजाय</u> :** प्रचलित कानुनबमोजिम अनुमति प्राप्त नगरी कुनै वायुयान नेपालको भू-भागमाथिबाट उडान (ओभरफ्लाई) गरेमा हवाई क्षेत्र अतिक्रमणसम्बन्धी कसुर गरेको मानिनेछ र यस्तो कसुर गर्नेलाई एक देखि तीन बर्ष सम्म कैद हुने छ ।

**७६.** **<u>वायुयानको गैरकानूनी कब्जा र अपहरणको कसुर तथा सजाय</u> :** (१) उडानमा रहेको वायुयानभित्र कसैले गैर कानुनी रूपले बल प्रयोग गरी वा सो प्रयोग गर्ने धम्की दिई वा अरू कुनै प्रकारको डर त्रास देखाई वायुयानलाई कब्जामा लिएमा वा त्यस उपर नियन्त्रण गरेमा वायुयानको गैर कानुनी कब्जा र अपहरणको कसुर गरेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको कसुर गर्नेलाई जन्म कैद र त्यस्तो कसुर गर्न उद्योग गर्ने वा मतियार हुनेलाई पन्ध्रदेखि बीस वर्षसम्म कैद हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कसुर गर्दा वायुयानमा रहेको कुनै व्यक्तिको ज्यान गएमा वा वायुयान ध्वस्त भएमा कसुर गर्नेलाई जन्मकैद र मतियारलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ र कसुरदार र मतियारको सम्पत्ति समेत जफत हुनेछ ।

**७७.** **<u>हवाई उडानको सुरक्षा विरुद्धको कसुर तथा सजाय</u> :** (१) देहाय बमोजिमका कुनै कार्यहरू गरेमा हवाई उडानको सुरक्षा विरुद्धको कसुर गरेको मानिनेछ :-

(क) उडानमा रहेका वायुयानभित्र कुनै व्यक्ति विरुद्ध हिंसात्मक काम कारवाई गरेमा वा त्यस्तो काम कारवाईले वायुयानको सुरक्षामा खतरा हुने संभावना भएमा,

(ख) उडानमा रहेको वायुयानलाई नष्ट गरेमा वा त्यस्तो वायुयानलाई उडानको लागि असक्षम बनाई वा उडानमा त्यसको सुरक्षामा खतरा पुग्न सक्ने गरी क्षति पारेमा,

(ग) भूमिस्थ वायुयान वा वायुयानमा जडित पार्टपूर्जा वा उपकरण वा हवाई परिवहन सम्बन्धी सुविधाहरू फेसिलिटिज) वा सन्चार उड्डयन सहाय उपकरण वा अग्नि निवारण वा जीवनोद्धार सेवा तथा सुरक्षा उपकरण वा सो सम्बन्धी मालसामान वा वस्तु आदि नष्ट गरेमा वा क्षति पुऱ्याएमा वा त्यसको कुनै भाग वा पार्टपूर्जा अनधिकृत तवरबाट झिकेमा वा तिनको सञ्चालनमा हस्तक्षेप गरेमा,

(घ) असत्य हो भन्ने जानी जानी कुनै सूचनाको सन्चार गरी उडानमा रहेको वायुयानको सुरक्षामा खतरा पैदा गरेमा ।

(२) उपदफा (१) बमोजिमको कसुर गर्नेलाई जन्म कैद र त्यस्तो कसुर गर्न उद्योग गर्ने वा मतियार हुनेलाई पन्ध्रदेखि बीस वर्षसम्म कैद हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कसुर गर्दा वायुयानमा रहेको कुनै व्यक्तिको ज्यान गएमा वा वायुयान ध्वस्त भएमा कसुर गर्नेलाई जन्मकैद र मतियारलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ र कसुरदार र मतियारको सम्पत्ति समेत जफत हुनेछ ।

७८. **वायुयानको सुरक्षा विरुद्धको कसुर तथा सजाय** : (१) सेवामा सन्चालित वायुयानमा जुनसुकै उपायद्वारा कुनै साधन (डेभाइस) वा वस्तु राखी वा राख्न लगाएको कारणले दफा ७४ को उपदफा (१) को खण्ड (ख) बमोजिम वायुयान नष्ट वा उडानको लागि असक्षम हुने वा उडानमा त्यसको सुरक्षामा खतरा पुग्ने सम्भावना भएमा वा वायुयान संचालनमा अवरोध पुऱ्याएमा वायुयानको सुरक्षा विरुद्धको कसुर गरेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको कसुर गर्नेलाई जन्म कैद र त्यस्तो कसुर गर्न उद्योग गर्ने वा मतियार हुनेलाई पन्ध्रदेखि बीस वर्षसम्म कैद हुनेछ ।

(३) उपदफा (१) बमोजिमको कसुर गर्दा वायुयानमा रहेको कुनै व्यक्तिको ज्यान गएमा वा वायुयान ध्वस्त भएमा कसुर गर्नेलाई जन्मकैद र मतियारलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ र कसुरदार र मतियारको सम्पत्ति समेत जफत हुनेछ ।

७९. **विमानस्थल सुरक्षा विरुद्धको कसुर तथा सजाय** : (१) विमानस्थल तथा विमानस्थल क्षेत्रभित्र वा बाहिर रहेका सन्चार तथा उड्डयन सहाय उपकरण, दृष्टिगत सहाय (भिजुयल एड्स), मौसम तथा जलवायु सम्बन्धी उपकरण, अग्नी निवारण तथा जीवनोद्धार सेवा सम्बन्धी यन्त्र तथा उपकरण, सुरक्षा सम्बन्धी अन्य उपकरण तथा यन्त्र तथा हवाई उडानसंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित अन्य यन्त्र, उपकरण, भवन, धावनमार्ग, धावनमार्गतर्फ जाने बाटो (ट्याक्सी वे), विसान (एप्रोन), वायुयान राख्ने स्थान (ह्याङ्गर) आदि वा सो सम्बन्धी मालसामान कुनै पनि प्रकारले पूर्ण वा आंशिक रूपमा विगारे, भत्काए, क्षति पुऱ्याए वा नष्ट गरेमा विमानस्थल सुरक्षा विरुद्धको कसुर गरेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको कसुर गर्नेबाट भएको नोक्सानी विगो भराई निजलाई कसुरको मात्रा हेरी एक वर्षदेखि पाँच वर्षसम्म कैद हुनेछ ।

८०. **हवाई यातायातसंग सम्बन्धित व्यक्तिको सुरक्षा विरुद्धको कसुर तथा सजाय** : (१) हवाई उडान कार्यसंग सम्बन्धित कुनै पनि कर्मचारी, विमानस्थलमा कार्यरत कर्मचारी, हवाई यात्रु लगायत विमानस्थलमा आगन्तुक कुनै पनि व्यक्तिलाई हात हतियार लिई वा नलिई डर, धम्की, प्रलोभन वा अरू कुनै तरिका अपनाई अपहरण गरी वा कब्जामा लिई आफ्नो कर्तव्यबाट विचलित पारी वा अन्य कुनै किसिमबाट उक्त व्यक्तिको व्यक्तिगत सुरक्षामा वा हवाई उडान सञ्चालन तथा सुरक्षामा खतरा वा बाधा उत्पन्न गराउने कार्य गरेमा हवाई यातायातसंग सम्बन्धित व्यक्तिको सुरक्षा विरुद्धको कसुर गरेको मानिनेछ ।

(२)  उपदफा (१) बमोजिमको कसुर गर्नेलाई कसुरको मात्रा अनुसार पाँच लाख रुपैया देखि दश लाख रुपैयाँ सम्म जरीवाना वा पाँच वर्षदेखि दश वर्षसम्म कैद वा दुबै सजाय हुनेछ ।

८१. **उडान सुरक्षामा अवरोध पुऱ्याएको कसुर तथा सजाय :** (१)  कसैले उडानमा रहेको वायुयानमा कुनै विद्युतिय यन्त्र, उपकरण वा यस्तै अन्य साधन प्रयोग गरी चालक कक्ष ( ककपिट) मा रहेका उड्डयन यन्त्र वा उपकरणको संचालनमा अवरोध पुऱ्याएमा वा वायुयान चालकको क्षमतामा प्रतिकुल असर पर्ने कार्य गरेमा यस्तो कार्यलाई उडान सुरक्षामा अवरोध पुऱ्याएको कसुर मानिनेछ र यस्तो कसुर गर्नेलाई कसुरको मात्रा हेरी पाँच लाख रुपैयाँ देखि बिस लाख रुपैयाँ सम्म जरीवाना हुनेछ ।

(२)  कसैले वायुयानको उडान संचालनमा प्रयोग हुने भूमिस्थ यन्त्र, उपकरण वा सुविधा (फेसिलिटिज) को संचालनमा कुनै विद्युतिय यन्त्र, उपकरण वा यस्तै अन्य साधन प्रयोग गरी  प्रतिकुल प्रभाव पार्ने कार्य गरेमा यस्तो कार्यलाई उडान सुरक्षामा अवरोध पुऱ्याएको कसुर मानिनेछ र यस्तो कसुर गर्नेलाई कसुरको मात्रा हेरी एक लाख रुपैया देखि दश लाख रुपैयाँ सम्म जरीवाना हुनेछ ।

(३)  उपदफा (१) र (२) मा उल्लेखित कसुर गरेको कारण वायुयान दुर्घटनामा परेमा वा कसैको ज्यान गएमा कसुर गर्नेलाई जन्मकैद र मतियारलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ र कसुरदार  र मतियारको सम्पत्ति समेत जफत हुनेछ ।

८२. **खतराजनक तरिकाले वायुयान उडाएको कसुर तथा सजाय :**

(१)  कुनै वायुयान वा त्यसमा सवार व्यक्तिहरु वा अन्य वायुयान वा जमिनका रहेका व्यक्तिहरु वा भौतिक संरचना वा कसैको धनमालको सुरक्षालाई जोखिममा पार्ने वा पार्न सक्ने गरी कसैले वायुयान उडाएमा यसलाई खतराजनक तरिकाले वायुयान उडाएको कसुर गरेको मानिनेछ ।

(२)  उपदफा (१) बमोजिमको कसुर गर्नेलाई एक देखि तीन बर्ष सम्म कैद हुनेछ ।

(३)  उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि उपदफा (१) बमोजिमको कसुरबाट कसैको ज्यान गएमा वा वायुयान ध्वस्त भएमा यस्तो कसुर गर्नेलाई जन्मकैद र कसुरदारको सम्पत्ति समेत जफत हुनेछ ।

८३. **असुरक्षित तवरले सेवा प्रदान गरे बापतको कसुर तथा सजाय :** (१)  यस ऐन बमोजिम प्रमाणपत्र प्राप्त संस्थाले यस ऐन वा अन्तर्गत बनेको नियम बमोजिम आफूले परिपालन गर्नुपर्ने कार्य नगरी सेवा सुविधा प्रदान गर्दा कुनै वायुयान, त्यसमा सवार व्यक्ति वा जमिनमा रहेका व्यक्ति वा सम्पत्तिको हानी नोक्सानी हुने वा हुन सक्ने गरी सेवा सुविधा

संचालन गरेमा त्यस्तो संस्थाको प्रमुख जिम्मेवार व्यक्ति तथा अन्य जिम्मेवार व्यक्तिले असुरक्षित तवरले सेवा सुविधा प्रदान गरे बापतको कसुर गरेको मानिनेछ ।

(२) उपदफा (१) बमोजिमको कसुर गर्नेलाई एक देखि तीन बर्ष सम्म कैद वा पाँच लाख देखि दश लाख रुपैया सम्म जरीवाना वा दुवै सजाय हुनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि यदि उपदफा (१) बमोजिमको कार्यबाट कसैको ज्यान गएमा वा वायुयान ध्वस्त भएमा यस्तो कसुर गर्नेलाई जन्मकैद र कसुरदारको सम्पत्ति समेत जफत हुनेछ ।

८४. **अनधिकृत रुपमा चालकरहित वायुयान वा अन्य उड्डयन उपकरण उडाए बापतको कसुर तथा सजाय** : (१) कसैले यस ऐन बमोजिम अनुमति नलिई चालकरहित वायुयान (ड्रोन) वा अन्य कुनै किसिमको उड्डयन उपकरण वा सामग्री उडाएमा यस्तो कार्यलाई वायुयान वा उड्डयन उपकरण वा सामग्री अनधिकृत रुपमा उडाएको कसुर मानिनेछ र यस्तो कसुर गर्ने व्यक्तिलाई दश हजार देखि एक लाख सम्म जरिवाना र त्यस्तो वायुयान, उड्डयन उपकरण वा सामग्री जफत गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यबाट उडानमा रहेको वायुयान वा त्यसमा सवार व्यक्ति वा जमिनमा रहेको व्यक्ति वा सम्पत्तिमा हानी नोक्सानी पुगेमा कुसरको मात्रा अनुसार कसुरदारलाई तीन बर्ष देखि दशबर्ष सम्म कैद वा पाँच लाख देखि दश लाख रुपैयाँ सम्म जरीवाना वा दुवै सजाय हुनेछ ।

८५. **हवाई यात्रुबाट हुने अवांछित व्यवहारजन्य कसुर तथा सजाय** : (१) उडानमा रहेको वायुयानमा कुनै यात्रुले वायुयानमा सवार चालकदलका सदस्य वा अन्य यात्रु माथि हातपात वा दुर्व्यवहार गरेमा वा वायुयानका यन्त्र, उपकरण वा सरसामानमा हानी नोक्सानी पुऱ्याउने कार्य गरेमा वा वायुयान भित्रको शान्ति सुव्यवस्थाका साथै उडान सुरक्षामा समेत खलल पुग्ने अन्य कुनै किसिमको कार्य गरेमा अवांछित व्यवहार गरेको कसूर मानिनेछ र यस्तो कसुर गर्नेलाई रु दश हजार देखि एक लाख रुपैया सम्म जरीवाना वा एक बर्षसम्म कैद वा दुवै सजाय हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्ने व्यक्तिलाई वायुयानका प्रमुख चालकले वा निजको आदेशमा उडान दलका अन्य सदस्य वा हवाई यात्रुले नियन्त्रणमा लिई वायुयान अवतरण पश्चात सुरक्षाकर्मीको जिम्मा लगाउन सक्नेछ ।

(३) कुनै यात्रुले विमानस्थलमा वायुसेवाका कर्मचारी, विमानस्थलमा कार्यरत कर्मचारी, हवाई यात्रु वा अन्य व्यक्ति माथि हातपात वा दुर्व्यवहार गरेमा वा विमानस्थल स्थित यन्त्र, उपकरण वा सरसामानमा हानी नोक्सानी पुऱ्याउने कार्य गरेमा वा विमानस्थलको शान्ति सुव्यवस्थामा खलल पुग्ने कार्य गरेमा यस्तो कार्यलाई अवांछित

व्यवहार गरेको कसूर मानिनेछ र यस्तो कसुर गर्नेलाई रु पाँच हजार देखि एक लाख रुपैया सम्म जरीवाना वा एक बर्षसम्म कैद हुनेछ ।

८६. **किर्ते कागजात सम्बन्धी कसुर तथा सजाय :** (१) देहायको कुनै काम गरेमा किर्ते कागजात सम्बन्धि कसुर गरेको मानिनेछः-

क) यस ऐन बमोजिम आवश्यक पर्ने कुनै प्रमाणपत्र प्राप्त गर्नका लागि किर्ते कागजात पेश गरेमा वा किर्ते प्रमाणपत्र बनाई बनाई प्रयोग गरेमा,

ख) यस ऐन वा अन्तर्गत बनेका नियम बमोजिम अख्तियारप्राप्त निकाय वा अधिकारीबाट जारी कागजातमा अनधिकृत फेरबदल गरेमा वा किर्ते दस्तखत गरी कागजात तयार पारेमा,

ग) यस ऐन वा सो अन्तर्गत बनेका नियम वा आवश्यकताहरु बमोजिम बनाउनुपर्ने कुनै डकुमेण्ट्सलाई नियमानुसार स्विकृति वा प्रमाणित नगराई प्रयोग गरेमा वा स्विकृति वा प्रमाणित गरिएका डकुमेण्ट्सलाई अनधिकृत रुपमा संशोधन वा परिवर्तन गरेमा ।

(२) उपदफा (१) बमोजिमको कसुर गर्नेलाई कसुरको गाम्भियर्ता हेरी एक लाख रुपैयाँ सम्म जरीवाना वा तीन महिनासम्म कैद वा दुवै सजाय हुनेछ ।

८७. **अन्य कसुर वापत सजाय :** (१) विमानस्थलमा सुरक्षा व्यवस्था कायम गर्न दफा ५२ बमोजिम दिएको आदेश पालना नगर्ने व्यक्तिलाई विमानस्थल सुरक्षा प्रहरीले हिरासतमा लिई दश हजार रुपैया देखि एक लाख रुपैया सम्म जरीवाना गर्न सक्नेछ ।

(२) ऐनको दफा ६० को उपदफा (२) विपरित अनियन्त्रित रुपा बधशाला स्थापना गर्ने र फोहोर मैला थुपार्ने व्यक्ति वा संस्थालाई सो कार्य गर्नबाट रोकी विमानस्थल संचालकले दश हजार रुपैया देखि एक लाख रुपैया सम्म जरीवाना गर्न सकिनेछ ।

८८. **कसूरको गाम्भीर्यता (मात्रा):** कुनै कसूरको गाम्भीर्यतालाई बिचार गर्दा उडानमा रहेको वायुयान भित्र वा जमिनमा रहेको अबस्था, मानिसहरु तथा सम्पत्तिमा जोखिम पुऱ्याउनसक्ने कसूरजन्य व्यवहारलाई आधारको रुपमा लिइनेछ ।

८९. **अतिरिक्त सजाय:** बैध प्रमाणपत्र, इजाजतपत्र, रेटिङ्ग वा अनुमति आवश्यक पर्ने उड्डयन सम्बन्धी कार्यहरुको सञ्चालन तथा संपादन गर्दा त्यस्तो प्रमाणपत्र, इजाजतपत्र, रेटिङ्ग वा अनुमतिका सर्तहरुको विपरीत हुने गरी गरेमा यस ऐनबमोजिम हुने जरिवाना वा कैदको सजायको अतिरिक्त त्यस्तो प्रमाणपत्र, इजाजतपत्र, रेटिङ्ग वा अनुमति निलम्बन वा रद्द हुन सक्नेछ ।

९०. **क्षेत्राधिकार:** (१) दफा ७६, ७७, ७८, ७९ वा ८० बमोजिम कसूर ठहरिने वा कुनै व्यक्ति तथा सम्पत्तिमा जोखिम पुग्ने कार्यका सम्बन्धमा देहायको अवस्थामा मुद्दाको कारवाही र किनारा गर्ने अधिकार नेपालको सम्वन्धित अदालतलाई हुनेछ-

(क) नेपालको भूभाग वा हवाई क्षेत्रमा कसूर गरेको भएमा,

(ख) नेपालमा दर्ता भएको वायुयानका विरुद्ध वा त्यस्तो वायुयान उडानमा रहेको समयमा कसूर भएको भएमा,

(ग) जुन उडानमा रहेको वायुयान भित्र कसूर भएको छ सो वायुयान कसूरदार सहित नेपालमा अवतरण गरेको भएमा,

(घ) नेपालमा मुख्य व्यावसायिक कार्यालय वा स्थायी ठेगाना भएको व्यक्तिले लिजमा लिएको उडानमा रहेको वायुयानका विरुद्ध वा त्यस्तो वायुयान भित्र कुनै कसूर भएको भएमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कसूर जहाँसुकै गरेको भएता पनि त्यस्तो कसूर गरेकोमा कैदको सजाय हुने रहेछ र कसूरदार नेपालको भूभागमा रहेको रहेछ र निजलाई यो ऐन वा नेपालले हस्ताक्षर गरेको सुपुर्दगी सन्धि अनुसार सुपुर्दगी गरेको नभएमा त्यस्तो मुद्दाको सुनुवाई गर्ने क्षेत्राधिकार नेपालका सम्बन्धित अदालतलाई हुनेछ ।

(३) नेपालको हवाई क्षेत्रभन्दा बाहिर रहेको समयमा नेपालमा दर्ता भएको वायुयानभित्र गरिएको कुनै कार्य नेपालको कानुन अनुसार कसूर मानिने रहेछ भने त्यस्तो मुद्दाको सुनुवाई गर्ने क्षेत्राधिकार नेपालका सम्बन्धित अदालतलाई हुनेछ ।

।

९१. **पक्राउ गर्ने अधिकार:** (१) कुनै व्यक्तिले यस ऐनअन्तर्गत सजाय हुने कुनै कसूर गरिरहेको छ भन्ने बिश्वास गर्न सकिने उपयुक्त आधार भएमा सो देख्ने विमानस्थल कर्मचारी, चालक दलको सदस्य, सुरक्षा निकायका कर्मचारी वा अन्य जोसुकैले त्यस्तो कसूर गर्ने व्यक्तिलाई पक्राउ गरी अधिकार प्राप्त प्रहरीलाई बुझाउन सक्नेछ ।

तर, यात्रु लगायत व्यक्तिको जिउज्यानमा खतरा पुग्नसक्ने वा वायुयान वा सोसँग सम्बन्धित अन्य सुविधामा क्षति पुग्न सक्ने देखिएमा सुरक्षा निकायका कर्मचारीलाई जानकारी गराउनुपर्नेछ र सुरक्षा निकायका कर्मचारीले त्यस्तो कसूर गर्ने व्यक्तिलाई पक्राउ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै कसूरदारलाई पक्राउ गर्नको लागि सहयोग गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुनेछ ।

(३) पक्राउ गरिएको व्यक्ति विदेशी नागरिक भएमा सोको जानकारी सम्बन्धित मुलुकको प्रतिनिधीलाई दिई छानबिन कार्य गरिने छ र छानबिनबाट प्राप्त हुनआएका तथ्यहरुका आधारमा यस ऐनअर्न्तगत कारवाही अगाडि बढाइने वा नबढाइने भन्ने सम्बन्धमा सम्बन्धित राष्ट्रलाई जानकारी गराइनेछ ।

९२. **कसूरदारलाई सुपुर्दगी गर्ने:** (१) नेपाली नागरिक बाहेक अन्य कुनै व्यक्तिले अन्य राष्ट्रमा दर्ता भएका वायुयानका विरुद्धमा नेपालको भूभाग वा हवाई क्षेत्रमा दफा ७६, ७७, ७८, ७९ वा ८० बमोजिम कसूर ठहरिने कार्य गरेको अवस्थामा कसूरदारलाई सुपुर्दगी गर्नको लागि त्यस्तो व्यक्ति वा राष्ट्रले अनुरोध गरेमा नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकारले त्यस्तो व्यक्तिलाई सुपुर्दगी गर्नसक्नेछ ।

तर, कसुरदारलाई सुपुर्दगी नगरिएमा नेपालको अदालतमा मुद्दा चलाइनेछ ।

(२) सुपुर्दगी गर्ने प्रयोजनको लागि दफा ७६, ७७, ७८, ७९ वा ८० अर्न्तगत सजाय हुने कसूरलाई कसूरदारको पद वा कसूर गर्ने मनसाय जेसुकै भएपनि त्यसलाई राजनैतिक मानिनेछैन ।

९३. **अदालत तथा अदालती कार्यवाही:** (१) दफा ७६, ७७, ७८, ७९ वा ८० बमोजिम सजाय हुने वा यस ऐन अन्तर्गत कैदको सजाय हुने कसूरका सम्बन्धमा अदालतमा पेश हुने मुद्दामा शुरु कारवाही र किनार गर्ने अधिकार सम्बन्धित जिल्ला अदालतलाई हुनेछ ।

(२) जिल्ला अदालतले मुद्दाको सुनुवाई तथा निर्णयको क्रममा कसूर हुनको लागि प्रयोग गरिएको कुनै वायुयान वा मालसामान वा दुबै नियन्त्रणमा लिन वा जफत गर्नको लागि नेपाल सरकारलाई आदेश दिन सक्नेछ ।

(३) जिल्ला अदालतले मुद्दाको कारवाही र किनारा गर्दा विशेष अदालत ऐन, २०५९ मा तोकिएको कार्यविधि अवलम्बन गर्नेछ ।

(४)  यस दफा अन्तर्गत दायर गरिने मुद्दामा नेपाल सरकार बादी हुनेछ ।

(५)  जिल्ला अदालतको निर्णय चित्त नबुझेमा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णय थाहा पाएको मितिले ३५ दिनभित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

९४. **प्राधिकरणले जरिवाना गर्नसक्ने :** (१)  कसैले देहायको कुनै कसूर गरेमा निजलाई कसूरको गाम्भिर्यातालाई विचार गरी प्राधिकरणले दश लाख रुपैयाँदेखि तीस लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछः-

(क) यस ऐनबमोजिम विधिवत्रुपमा दर्ता नभएको कुनै वायुयान नेपालमा सञ्चालन गरेमा,

(ख) आवश्यक राष्ट्रियता तथा रजिष्ट्रेशन (दर्ता) चिन्ह वा परिचय प्लेटबेगर वा त्यस्तो चिन्ह तथा प्लेट दर्ता गर्ने राष्ट्रले निर्धारण गरेभन्दा फरक चिन्ह वा प्लेट राखी नेपालमा वायुयान सञ्चालन गरेमा ।

(२)  कसैले देहायको कुनै कसूर गरेमा निजलाई कसूरको गाम्भीर्यतालाई विचार गरी प्राधिकरणले एक लाख रुपैयाँदेखि दश लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछः-

(क) उडान योग्यताको प्रमाणपत्र वा उडान अनुमति बेगर वा त्यस्तो प्रमाणपत्र वा अनुमतिमा तोकिएको सर्तको विपरीत हुने गरी वायुयान सञ्चालन गरेमा,

(ख) आवश्यक सबै कागजातहरु वायुयानमा नराखी वा प्राधिकरणले आवश्यक भनी तोकेबमोजिमका सबै यातायात सम्बन्धी कागजातहरु जारी नगरी कुनै हवाई सेवा सञ्चालन गरेमा,

(ग) आवश्यक विमा नगरी हवाई सेवा सञ्चालन गरेमा,

(घ) वायुसेवा सञ्चालन प्रमाणपत्र वा स्वीकृत मर्मतसंभार संस्था प्रमाणपत्र नलिई मर्मतसंभार संस्था सञ्चालन गरेमा,

(ङ) इजाजतपत्र वा व्यक्तिगत दक्षताको प्रमाणपत्र आवश्यक पर्ने काममा त्यस्तो प्रमाणपत्र नभएको व्यक्तिलाई काममा लगाएमा वा दक्षताको प्रमाणपत्रमा उल्लेख भएका सर्तहरु अनुसार काम नगरेको भएमा,

(च) यो ऐन तथा यसअर्न्तगत बनेको नियमवालीले दिएको अधिकार प्रयोग गरी प्राधिकरणले जारी गरेको आदेशको उल्लङ्घन गरेमा,

(छ) कुनै हवाई यातायात सेवा सञ्चालकले यात्रुका अधिकार जानाजानी नजरअन्दाज गरेमा वा तोकिएबमोजिम दिनुपर्ने क्षतिपूर्ति नदिएमा,

(ज) प्राधिकरणले आफ्नो आर्थिक(इकनोमिक) नियमनकारी अधिकार प्रयोग गरी जारी गरेका निर्देशिका तथा निर्देशनहरु पालना नगरेमा,

(झ) विधी सम्मत तवरले हिसाब किताब नराखेमा, सञ्चालन तथा आर्थिक सूचनाहरु उपलब्ध नगराएमा,

(ञ) सुरक्षात्मक व्यवस्थापन प्रणाली आवश्यक पर्ने संस्थाले तोकिए बमोजिमको सुरक्षात्मक व्यवस्थापन प्रणाली अवलम्बन नगरेमा,

(ट) उड्डयन सम्बन्धी घटना तथा दुर्घटनाको छानबिनमा संलग्न व्यक्तिलाई बाधा अवरोध पुऱ्याएमा वा निषेध गरेमा,

(ठ) प्राधिकरणको लिखित पूर्ब स्वीकृति नलिई विमानस्थलको निर्माण वा स्वरुप परिवर्तनको कार्य गरेमा वा स्वीकृति दिंदा तोकिदिएका सर्तहरुको उल्लङ्घन गरेमा । यस्तो अवस्थामा प्राधिकरणले स्वीकृति नलिई वा स्वीकृति दिंदा तोकिदिएको सर्तहरुविपरीत हुनेगरी गरेको निर्माण कार्य कसूर गर्ने व्यक्तिको खर्चमा नै भत्काउन लगाउन सक्नेछ,

(ड) प्रमाणपत्र नलिई वा दर्ता नगरी विमानस्थलको सञ्चालन गरेमा वा त्यस्तो प्रमाणपत्र वा दर्तामा तोकिएको सर्तहरुको विपरीत हुनेगरी विमानस्थल सञ्चालन गरेमा प्राधिकरणले विमानस्थल प्रमाणपत्र वा दर्ता निलम्वन वा रद्द गर्न सक्नेछ ।

(३) कसैले देहायको कुनै कसूर गरेमा निजलाई कसूरको गाम्भीर्यतालाई विचार गरी प्राधिकरणले दश हजार रुपैयाँ देखि एक लाख रुपैयाँसम्म जरिवाना गर्न सक्नेछः-

(क) कसैले प्राधिकरण वा प्राधिकरणले तोकेका निरीक्षक वा अधिकृतलाई सुपरिवेक्षण तथा निरीक्षण गर्ने अधिकारको प्रयोगमा बाधा, अवरोध गरेमा वा रोक्ने प्रयत्न गरेमा वा प्रभाव पार्ने कार्य गरेमा,

(ख) कसैले प्राधिकरणले जारी गरेको वा मान्यता प्रदान गरेको प्रमाणपत्र, इजाजतपत्र, रेटिङ्ग, अनुमति वा स्वीकृति आवश्यक पर्ने नागरिक उड्डयन सम्बन्धी काम कारवाही त्यस्तो प्रमाणपत्र, इजाजतपत्र, अनुमति वा स्वीकृति नलिई वा मान्यता प्राप्त नगरी गरेमा,

(ग ) कुनै व्यक्तिले कार्य समयको सिमा उल्लङ्घन गरी वायुयान सञ्चालन गरेमा,

(घ ) कुनै व्यक्तिले झूठा प्रमाणपत्र, इजाजतपत्र, रेटिङ्ग वा अनुमतिका आधारमा सेवा सञ्चालन गरेमा,

(ङ) कसैले प्राधिकरणले दिएको उडान सुरक्षा सम्बन्धी आदेशको पालना नगरेमा,

(च) विमानस्थल वरिपरिका क्षेत्र संरक्षण योजना अनुसार स्वीकृति आवश्यक पर्नेमा प्राधिकरणको स्वीकृति नलिई वा त्यस्तो योजनाको विपरीत हुने गरी विमानस्थल वरिपरि प्रकाशको प्रयोग गरेमा,

(छ) कुनै व्यक्ति वा संस्थाले आवश्यक प्रमाणपत्र बिना वा प्राधिकरणले तोकिदिएको सर्तविपरीत एयर नेभिगेशन सेवासँग सम्बन्धित कार्यमा संलग्न भएमा,

(ज) कसैले प्राधिकरणको स्वीकृति नलिई एयर नेभिगेशन सेवामा बाधा अबरोध हुनेगरी कुनै उपकरण वा संचार उपकरण सञ्चालन गरेमा वा प्राधिकरणले तोकेबमोजिम त्यस्तो उपकरणको सञ्चालन बन्द नगरेमा प्राधिकरणले त्यस्तो उपकरण सञ्चालन कार्य बन्द गर्न तथा अवरोध उत्पन्न गर्ने उपकरण जफत गर्न आदेश दिनसक्नेछ,

(झ) विमानस्थल वरिपरिको संरक्षण क्षेत्र योजनाको विपरीत हुने गरी वा प्राधिकरणको स्वीकृति आवश्यक पर्नेमा त्यस्तो स्वीकृति नलिई कुनै यन्त्र उपकरण जडान गरेमा वा संरचना निर्माण गरेमा प्राधिकरणले त्यस्तो यन्त्र, उपकरण वा संरचना हटाउन वा भत्काउन आदेश दिन सक्नेछ ।

(४) कसैले प्राधिकरणको निर्देशन तथा निर्णय विपरीत शुल्क तथा दस्तुर लगाएमा प्राधिकरणले त्यसरी अवैध तरिकाले संकलन गरेको रकमको चार गुणा बराबरको रकमसम्म जरिवाना गर्न सक्नेछ ।

(५) उपदफा (१) देखि (४) सम्म उल्लेखित काम कारवाहीबाट कुनै व्यक्ति तथा सम्पत्तिमा जोखिम उत्पन्न हुने भएमा कसूरदारलाई छ महिनासम्म कैदको सजाय गर्नको लागि अदालत समक्ष पेश गर्न सकिनेछ ।

**९५. <u>विमानस्थल संचालकले जरिवाना गर्न सक्नेः</u>** कसैले देहायको कसूर गरेमा विमानस्थल संचालकले देहाय बमोजिम जरिवाना गर्न सक्नेछः-

(१) विमानस्थलको निषेधित क्षेत्रमा अनधिकृत प्रवेश गरेमा त्यस्तो व्यक्तिलाई रु एक हजार देखि पाँच हजार सम्म जरीवाना हुनेछ,

(२) विमानस्थलबाट जारी प्रवेश पासको दुरुपयोग गरेमा त्यस्तो व्यक्तिलाई रु दश हजार देखि पचास हजार सम्म जरीवाना हुनेछ,

(३) विमानस्थल क्षेत्रमा निर्धारित मापदण्ड विपरित कसैले घर, टहरा, टावर खडा गरेमा त्यस्तो व्यक्तिलाई मिति तोकी त्यसरी मापदण्ड विपरित बनाइएका घर, टहरा अवरोध भत्काउन वा हटाउन आदेश दिन सक्नेछ । तोकिएको म्याद भित्र उक्त संरचना नहटाएमा विमानस्थल संचालकले स्थानीय प्रशासनको सहयोग लिई भत्काउन वा हटाउन सक्नेछ र यसरी भत्काउँदा वा हटाउँदा लागेको खर्च सरकारी बाँकी सरह सम्बन्धित व्यक्तिबाट असुल उपर गर्नुपर्नेछ,

(४) विमानस्थल वा विमानस्थल क्षेत्रमा फोहोर मैला फालेमा वा वातावरण प्रदुषण हुने काम गरेमा रु दश हजार देखि एक लाख सम्म जरीवाना हुनेछ,

(५) विमानस्थल क्षेत्रका तारवार भत्काउने कसूर गर्नेलाई रु दश हजार देखि पचास हजार सम्म जरीवाना हुनेछ र उक्त क्षती भएको तारवारको मर्मत गर्न लाग्ने सम्पूर्ण खर्च निजबाट सरकारी बाँकी सरह असुल उपर गर्नुपर्नेछ ।

९६. **<u>पुनरावेदन गर्न सकिने:</u>** (१) दफा ९४ र ९५ बमोजिमको सजाय हुने कसूरका सम्बन्धमा कारवाही र निर्णय गर्दा अपनाउनु पर्ने कार्यविधि तोकिएबमोजिम हुनेछ ।

(२) दफा ९४ र ९५ बमोजिम गरेको जरिवाना गर्ने निर्णय वा जारी गरेको आदेशमा चित्त नबुझेमा चित्त नबुझ्ने व्यक्तिले त्यस्तो निर्णय थाहा पाएको मितिले ३५ दिन भित्र सम्बन्धित उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

९७. **<u>प्रचलित कानुन बमोजिम हुने:</u>** (१) यस ऐनमा लेखिए जति कुरामा यसै ऐनबमोजिम र अन्य कुराका हकमा प्रचलित कानुनबमोजिम हुनेछ ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनबमोजिम कसूर मानी कारवाही तथा सजाय हुने कसूरमा अन्य प्रचलित कानुनबमोजिम समेत सजाय हुने रहेछ भने यस ऐनबमोजिम कारवाही र सजाय हुने भएको कारणले प्रचलित कानुनबमोजिम मुद्दा चलाउन वा सजाय गर्न कुनै बाधा परेको मानिने छैन ।

*स्पष्टिकरण: यस परिच्छेदको प्रयोजनका लागि "प्रमाणपत्र" भन्नाले यो ऐन वा यस ऐन अर्न्तत बनेका नियम बमोजिम जारी हुने इजाजतपत्र, संचालन प्रमाणपत्र, अनुमति पत्र, मान्यता प्रमाणपत्र लगायतका कागजात सम्झनुपर्दछ ।*

## परिच्छेद -१३

## <u>विविध</u>

९८. **<u>अत्यावश्यक सेवा:</u>** नागरिक उड्डयनसँग सम्बन्धित सेवालाई अत्यावश्यक सेवाको रुपमा मानिनेछ र यस्तो सेवामा बन्द, हडताल वा कुनै किसिमको अवरोध गर्न पाइने छैन ।

९९. **<u>जग्गा प्राप्ति:</u>** (१) कुनै विमानस्थल सञ्चालक वा एयर नेभिगेशन सेवा प्रदायकलाई नयाँ विमानस्थल वा सुविधाहरु निर्माण गर्न वा विस्तार गर्नको लागि कुनै जग्गा, घर, टहरा वा संरचना आवश्यक परी प्राप्तिको लागि अनुरोध गरेमा नेपाल सरकारले प्राधिकरणको सिफारिसमा त्यस्तो जग्गा, घर, टहरा वा संरचना प्राप्त गरी विमानस्थल सञ्चालक वा एयर नेभिगेशन सेवा प्रदायकलाई उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्त गर्दा प्रचलित कानुन बमोजिमको कार्यविधि पूरा गर्नु पर्नेछ ।

**१००. <u>असल नियतले गरेको कामको बचाउः</u>** यस ऐन अन्तर्गत नेपाल सरकार, प्राधिकरण, विमानस्थल संचालक वा एयर नेभिगेसन सेवा प्रदायक संस्थाका पदाधिकारी वा कर्मचारीहरुले आफ्नो कर्तव्य पालनको सिलसिलामा असल नियतले गरेको वा गर्न खोजेको कुनै कुराबाट भएको हानी नोक्सानीको निमित्त निजहरू व्यक्तिगत रूपले जवाफदेही हुने छैनन् ।

**१०१. <u>सरकारी बाँकी सरह असुल उपर गर्न सकिनेः</u>** प्राधिकरण, विमानस्थल संचालक तथा एयर नेभिगेसन सेवा प्रदायक संस्थाले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम कुनै व्यक्ति वा संस्थासंग लिनु पर्ने शुल्क, भाडा, रोयल्टी तथा क्षतिपूर्ति सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

**१०२. <u>अधिकार प्रत्यायोजनः</u>** नेपाल सरकारले यस ऐनअन्तर्गत आफूलाई प्राप्त अधिकारहरुमध्ये केही अधिकारहरु प्राधिकरण वा नेपाल सरकारको अन्य कुनै उपयुक्त निकाय वा अधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१०३. <u>नियमावली बनाउने अधिकारः</u>** (१) यस ऐनको उद्देश्य कार्यान्वयनको लागि नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐनमा प्राधिकरणले गर्ने कार्यहरुको लागि प्राधिकरणले आवश्यक नियमहरु बनाउन सक्नेछ र त्यस्ता नियमहरु नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछन् ।

**१०४ <u>खारेजी तथा बचाउः</u>** (१) निम्न ऐनहरु खारेज गरिएका छन् ।

(क) नागरिक उड्डयन ऐन, २०१५

(ख) नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अगाडि कायम रहेको नागरिक उड्डयन ऐन, २०१५ तथा नेपाल नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अन्तर्गत भए गरेका कामहरु यो ऐन प्रारम्भ भएपछि यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

(३) नागरिक उड्डयन प्राधिकरण ऐन, २०५३ अन्तर्गत स्थापित नेपाल नागरिक उड्डयन प्राधिकरण यसै ऐन बमोजिम स्थापना भएको मानिनेछ ।

❖